पूर्णाङ्क ९८ चौमासिक

# प्राज्ञिक संसार

२०७८


सङ्गीत-नाट्य बुलेटिन


# Academia

Music-Drama Bulletin


www.namuda.org.np

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार समर्पण






डिजिटल प्रविधिमा नाटक



प्रतिष्ठान आफ्नै भवन बन्दैछ



सङ्गत र संवाद शुभारम्भ

# सम्पादकीय

विश्व आतङ्कित पार्ने कोरोना वर्ष र यस युगकै भयावह मानव आतङ्कित पार्ने दुःखद परिणति । शृङ्खलित चलिरहेका मानव जीवनका विशृङ्खलित मोडहरू । अर्थतन्त्र, पर्यटन, उद्योग, व्यवसाय तथा मञ्चीय प्रस्तुतिका सांस्कृतिक कार्यक्रमहरूमा कोरोना प्रभावको तीव्र असर । भयाक्रान्त विश्व परिवेश अनि एकपछि अर्को गर्दै घटिरहेका मानव वियोगका दुःखद घटनाहरू । बाढी, पैरोजस्ता प्राकृतिक विपत्तिले निम्त्याएका सङ्कटहरू । यस्तो स्थितिमा सङ्गीत, नाट्य क्षेत्रका कार्यक्रमहरूको गतिशीलतामा गम्भीर असर नपर्ने कुरै भएन । बेरोजगार र पीडित कलाकारहरूबाट व्यक्त पीडा अनि सामूहिक प्रस्तुत गरिने कार्यक्रममा परेको असरले धेरै कार्यक्रमहरू प्रभावित रहेको महसुस भयो ।

यही विषम परिस्थितिलाई चिर्दै यस बीचमा विभिन्न लोपोन्मुख तथा अल्पसङ्ख्यक जातिका लोकसङ्गीत, नृत्य तथा नाट्य क्षेत्रमा अनुसन्धान र अभिलेखीकरणका विभिन्न कार्य सम्पन्न भएका छन् । विभिन्न जातिहरू जस्तै शौका, थारु र वाह्रुङका लोकधुनहरू सङ्कलन गरी अभिलेख राखिने कार्य भएको छ । विभिन्न राष्ट्रिय गीतका सङ्गीत नोटेसन, लोपोन्मुख बाजाहरूको पाठ्यपुस्तक निर्माण, विभिन्न सांस्कृतिक व्यक्तित्वहरूको वृत्तचित्र छायाङ्कन, शास्त्रीय सङ्गीत उत्सव, शास्त्रीय सङ्गीत सङ्गत र संवाद, लोकनृत्य, नाटक, लोकगीतहरूको अनुसन्धान तथा अभिलेखीकरण कार्यहरू सम्पन्न भएका छन् ।

नेपाली मौलिक बाजा सिक्ने र सिकाउने पाठ्यपुस्तकका लागि हिमाली भेगदेखि तराईसम्मका विभिन्न बाजाहरूको सङ्कलन कार्य पनि सम्पन्न भएको छ । कतिपय कार्यक्रमहरू सामाजिक सञ्जाल र टेलिभिजनबाट पनि प्रस्तुत भए र कतिपय कार्यक्रमहरू भर्चुअल ढङ्गबाट नियमित प्रशारण पनि भइरहेका छन् । यस्तो विषम परिस्थितिमा पनि यसरी कार्यक्रमहरू सम्पन्न हुनु नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको महत्वपूर्ण उपलब्धि हो ।

धेरै सिर्जनशील कलाकार र समुदायले स्वतःस्फूर्त रूपमा प्रतिष्ठानलाई आफ्नो अमूल्य कलाको सेवा र सहयोग गर्नु भएको छ । सबैलाई सहकार्य र सहयोगका लागि प्रतिष्ठान आभार प्रकट गर्दछ । साथै प्रतिकूल परिस्थितिलाई व्यवस्थापन गर्दै आगामी दिनमा अझै सिर्जनशील कार्यक्रमहरू सम्पन्न गर्ने सबैको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

# विषयसूची


सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०७७ बाट ६ स्रष्टा सम्मानित — ३
डिजिटल प्रविधिमा दुई नाटक — ७
प्रतिष्ठान १२ औं वर्षमा प्रवेश — ९
भर्चुअल बाल नाटक महोत्सव सम्पन्न — १०
प्रतिष्ठानले उज्यालो पारो ... — ११
नवाङ्गको ५८ औं साल जयन्ती — १२
सङ्गीतज्ञ अम्बर गुरुङको ८३ औं जन्मजयन्ती मनाइयो — १३
लेप्चा जातिको लोकनाट्यको अध्ययन — १४
वसन्त पञ्चमीको पूर्वसन्ध्यामा शास्त्रीय सङ्गीत — १६
लोपोन्मुख ढाडो बाजा अध्ययन सम्पन्न — १७
सुर्खेतमा नाट्य प्रशिक्षण सम्पन्न — १८
सङ्गत र संवाद शुभारम्भ — १९
मुस्लिम संस्कार गीतको अध्ययन — २०
डोटेली लोकगाथाको अध्ययन — २१
दुई दिने सोरठी कार्यशाला गोष्ठी — २२
बागमती प्रदेशका ६ शैलीका लोकनाच प्रदर्शित — २३
मितापत नाचबारे अध्ययन सम्पन्न — २५
तराई क्षेत्रमा प्रचलित कृषिसम्बन्धी लोकगीतको अध्ययन — २६
लोकबाजाबारे सैद्धान्तिक पाठ्यपुस्तक तयार — २७
कर्णाली प्रदेशका परम्परागत सङ्गीतको अध्ययन सम्पन्न — ३०
कोईंच सुनुवार समुदायमा प्रचलित लोकनाट्यको अध्ययन — ३२
थारु लोकनाटकको अध्ययन — ३३
कर्मचारी सङ्घको सिर्जनात्मक कार्यक्रम — ३५
साथै:
अन्तर्जालीय समाचार र अन्य समाचार पनि ...

# सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट ६ स्रष्टा सम्मानित








काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले विभिन्न विधाका ६ जना स्रष्टाहरूलाई नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार २०७७ प्रदान गरेको छ । कोभिड-१९ को विषम परिस्थितिलाई मध्यनजर गर्दै आइतबार भिन्नभिन्न ठाउँमा संक्षिप्त रूपमा कार्यक्रम आयोजना गरी पुरस्कार समर्पण गरिएको हो ।

प्रतिष्ठानले वर्षेनी प्रदान गर्दै आएको यस पुरस्कारबाट यस वर्ष सङ्गीत विधामा सङ्गीतकर्मी माणिकरत्न स्थापित, नाटक विधाबाट धनबहादुर मल्ल, नृत्य विधाबाट बेटी बज्राचार्य, लोक सङ्गीत विधाबाट ज्ञानु राणा, परम्परागत सङ्गीत विधाबाट वंशीधर मण्डल(वंशी बाबा) तथा रङ्गमञ्च विधाबाट सुनिल मिश्र सम्मानित हुनुभयो । प्रतिष्ठानले सङ्गीतकर्मी माणिकरत्न स्थापित, नृत्य विशेषज्ञ बेटी बज्राचार्य र लोकगायिका ज्ञानु राणालाई काठमाडौँस्थित प्रतिष्ठानको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच पुरस्कार हस्तान्तरण गरेको छ । त्यसै गरी शास्त्रीय सङ्गीतज्ञ वंशीधर मण्डल(वंशी बाबा) तथा रङ्गमञ्चकर्मी सुनिल मिश्र प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतबाट जनकपुरमा र वरिष्ठ नाट्यकर्मी धनबहादुर मल्ल सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टबाट धनगढीमा एकै दिन यस पुरस्कारले सम्मानित हुनुभयो । सङ्गीत, नृत्य र नाट्य विधाका वरिष्ठ साधकहरूलाई सम्मानित स्रष्टाहरूले नगद रू. एक लाख एक रुपैयाँ र ताम्रपत्र प्राप्त गरेका छन् । आफ्नो कार्यालय परिसरमा आयोजित संक्षिप्त कार्यक्रममा पुरस्कार समर्पण गर्दै प्रतिष्ठानका कुलपति रायनले कोरोनाका विषम परिस्थिति भए पनि पूर्वघोषित पुरस्कारहरू प्रदान गरेर सङ्गीतनाट्य क्षेत्रमा सकारात्मक सन्देश दिएको बताउनुभयो । कोभिडजस्ता महामारीमा पनि श्रष्टाहरू निरन्तर सक्रिय रहेकोमा सराहना गर्दै उहाँले जुनसुकै परिस्थितिमा पनि राष्ट्र र समाजको उन्नयनमा श्रष्टाहरू अग्रमोर्चामा रहने पनि बताउनुभयो । उहाँले ओझेलमा परेका, मोफसलमा बसेका र महिला श्रष्टाहरूलाई पुरस्कारको प्राथमिकतामा राखेको समेत दाबी गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले पुरस्कृत श्रष्टाहरूलाई राष्ट्रपतिको बाहुलीबाट सम्मानित गर्ने परम्परा भए पनि कोभिड-१९ का कारण यस वर्ष काठमाडौं बाहिरका पुरस्कृत






स्रष्टाहरूलाई पायक पर्ने ठाउँमै कार्यक्रम आयोजना गरी पुरस्कार हस्तान्तरण गर्न प्राज्ञहरू खटिएको बताउनुभयो । प्राज्ञ नमुना शर्माले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा पुरस्कृत स्रष्टा माणिकरत्न स्थापित, ज्ञानु राणा र बेटी बज्राचार्यलाई प्रदान गरिएको ताम्रपत्र निमित्त सदस्य सचिव अशोककुमार राई र प्राज्ञ मेघराज शर्मा (मञ्जुल)ले वाचन गर्नु भएको थियो । कार्यक्रममा अस्वस्थताका कारण उपस्थित हुन नसक्नु भएका सङ्गीतकर्मी माणिकरत्न स्थापितको सम्मान उहाँका छोरा सुशील स्थापितलाई हस्तान्तरण गरिएको थियो । त्यसै गरी अस्वस्थताका कारण उपस्थित हुन नसक्नु भएका अर्का सम्मानित व्यक्ति बेटी बज्राचार्यलाई उहाँकै निवासमा गई नृत्य विभाग प्रमुख नमुना शर्माले पुरस्कार हस्तान्तरण गर्नुभयो । सोही दिन यस पुरस्कारबाट सम्मानित वरिष्ठ रङ्कर्मी धनबहादुर मल्ललाई रङ्मञ्च विभाग प्रमुख निशा शर्माले सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा गएर मुख्यमन्त्री त्रिलोचन भट्टको प्रमुख आतिथ्यतामा र स्रष्टाद्वय वंशीधर मण्डल (वंशी बाबा) तथा सुनिल मिश्रलाई प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतको प्रमुख आतिथ्यमा परम्परागत सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले स्रष्टाहरू जनकपुरमा पुरस्कार हस्तान्तरण गर्नु भएको थियो । कुलपति रायनले पुरस्कार हस्तान्तरणमा अत्यन्त सहयोगी भूमिका निर्वाह गरेको भन्दै प्रदेश सरकारलाई धन्यवाद् समेत दिनुभयो ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट सङ्गीत विधातर्फ सम्मानित

# वरिष्ठ सङ्गीतकर्मी माणिकरत्न स्थापित



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट सङ्गीत विधातर्फ सम्मानित वरिष्ठ सङ्गीतकर्मी माणिकरत्न स्थापितको जन्म वि. सं. १९९४ साल साउन ५ गते बुबा गौरत्न स्थापित र आमा कयो स्थापितबाट काठमाडौँको मख्खन टोलमा भएको हो । २००७ सालमा बालगीतमा स्वर भरेर औपचारिक रूपमा गायन यात्रामा प्रवेश गर्नु भएका स्थापितका थुप्रै गीत र सङ्गीत अमर रहेका छन् ।

जुद्धोदय पब्लिक स्कुलमा ४ कक्षामा पढ्दै गर्दा काका सिद्धिरत्न स्थापितले रेडियोमा गीत गाउन उकासे पनि आफ्नै घरमा भने उहाँलाई सङ्गीत क्षेत्रमा लाग्न सख्त मनाही गरिएको थियो । मेकानिकल इन्जिनियर बनेको देख्न चाहने बुबाले उहाँलाई जुद्धोदय पब्लिक स्कुलबाट माध्यमिक तहको पढाइ पूरा गरेपछि पब्लिक साइन्स क्याम्पसमा आइएसीमा भर्ना गरेका थिए । तर विद्यार्थी कालमै भेटेका सङ्गीत पारखीसखी प्रेमध्वज प्रधान र शास्त्रीय सङ्गीतका गुरू ओमकारनाथ ठाकुरको गायनको प्रभावले उहाँ सङ्गीत क्षेत्रमा लीन हुनु भएको थियो । रेडियो नेपालमा रेकर्ड भएको उहाँको पहिलो गीत 'मेरो आँखामा कसले चियायो...' हो । उहाँ र प्रेमध्वज प्रधान २०१६ देखि २०२२ सालसम्म 'प्रेम-माणिक' नाममा साङ्गीतिक जोडी बाँधेर सङ्गीत क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । २०१६ सालमा 'प्रेम-माणिक'कै सङ्गीतमा स्वरसम्राट नारायण गोपालको पहिलो गीत 'आँखाको भाका आँखैले...' रेकर्ड भएको थियो । छ वर्षको 'प्रेम-माणिक'को साङ्गीतिक सहकार्यलाई नेपाली सङ्गीतको दुनियाँमा राम्रो दृष्टान्तको रूपमा लिने गरिन्छ । त्यस अवधिमा यस जोडीले माणिकरत्नको सङ्गीत, प्रेमध्वजको स्वर रहेको 'गोरेटो त्यो गाउँको' लगायतका थुप्रै लोकप्रिय गीतहरू संयोजन गरेको थिए ।

छोरा सङ्गीतमा लागेकामा उहाँका बुबाआमा असन्तुष्ट हुनुहुन्थ्यो । त्यसैले बुबाआमाको मन राख्न र घरव्यवहार चलाउन उहाँले विभिन्न पेसाव्यवसाय समेत गर्नु भएको थियो । शुरूमा रोयल नेपाल एअरलाइन्सको स्थापनापछि विमानलाई चाहिने पानी सप्लाई गर्ने काम गर्नु भएका उहाँले दुई वर्ष असन, प्युखामा मोटरको ब्याट्री सप्लाई र सर्भिसिङ गर्ने 'अटो वर्कसप' चलाउनु भयो । त्यो व्यापार पनि घाटामा गएपछि नयाँ सडकमा तीन वर्ष रोयल क्याफे रेस्टुराँ समेत चलाउनु परेको थियो । ०२० पछि राष्ट्रिय नाचघर, जमलमा सङ्गीत शाखामा करिब डेढ दशक जागिरे हुनु भएका उहाँ २०३५ सालदेखि उच्च रक्तचापका कारण गीत गाउन नसक्ने अवस्थामा पुग्नु भयो । सङ्ख्यात्मक रूपमा तीन दर्जन मात्र गीतसङ्गीत सृजना गरेका उहाँका गीतलाई गुणात्मक हिसाबले अत्यन्त अब्बल मानिन्छ । २०३५ सालमा बनेको पहिलो रङ्गीन चलचित्र कुमारीमा समेत गीत गाएका उहाँका सदाबहार गीतमा रत्न शमशेर थापाको शब्द र नातिकाजीको सङ्गीतमा 'न आऊ जुन कोठामा राति', किरण खरेलको शब्द र नातिकाजी र शिवशङ्करको सङ्गीतमा 'मेरो बिटुलो विश्वास...' किरण खरेलकै शब्द र नातिकाजीको सङ्गीतमा 'म पनि त मानिस हुँ', र रत्न शमशेर थापाको शब्द र आफ्नै सङ्गीतमा ७ यो खोलाको सङ्लो पानी...' लगायत थुप्रै रहेका छन् ।

उहाँ छिन्नलता गीत पुरस्कार, नातिकाजी सङ्गीत सम्मान, रेडियो नेपाल कदर पत्र, रेडियो कान्तिपुरबाट नेशनल म्युजिक एवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्डबाट सम्मानित हुनुहुन्छ ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट नृत्य विधातर्फ सम्मानित

# वरिष्ठ नृत्याङ्गना बेटी बज्राचार्य

नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट नृत्य विधातर्फ सम्मानित वरिष्ठ नृत्याङ्गना बेटी बज्राचार्यको जन्म पाल्पा जिल्लाको तानसेनमा पिता गणेशमान शाक्य र आमा अष्टमाया शाक्यबाट २००७ साल वैशाख २० गते भएको हो । सानैदेखि उनी नृत्यमा अत्यन्त चाख राख्थिन् । १०-११ वर्षको उमेरमा उनले संयोगवश राजा महेन्द्र पाल्पा भ्रमणमा आउँदा विद्यालयको कार्यक्रममा नृत्य देखाएर सबैलाई मन्त्रमुग्ध बनाएकी थिइन् ।

एसएलसीपछि उनले नृत्यको औपचारिक तालिम लिएकी थिइन् । नृत्यका लागि भारत गएर पढ्न छात्रवृत्ति पाएकी उनले त्यहाँ सबैभन्दा पहिले कथक नृत्य सिकेकी थिइन् । वि.सं. २०२२ सालमा दिल्लीस्थित त्रिवेणी कला सङ्गमबाट एक वर्षे कथक नृत्यको डिप्लोमा लिएपछि उनले बडोदरास्थित एसएस यूनिभर्सिटीबाट सन् १९६७ मा स्नातक र सन् १९८४ मा स्नातकोत्तर गरिन् । तत्कालीन समाजमा नाचगान गर्नुलाई खासै सकारात्मक दृष्टिले हेरिँदैनथ्यो । त्यसैले वि.सं. २०२७ सालमा काठमाडौँका बिजु बज्राचार्यसँग वैवाहिक बन्धनमा बाँधिदा उनले नृत्यलाई तिलाञ्जली दिने वाचा समेत गर्नु परेको थियो । तर विवाहपछि उनले नृत्य विधाको नयाँ बाटो पहिल्याइन् । बौद्ध धर्मावलम्बी परिवारमा विवाह भएकाले उनले बौद्धधर्मी नेवार समुदायमा प्रचलित तान्त्रिक नृत्य चर्याबारे गहिरोसँग बुझ्न र अध्ययन गर्न थालिन् । बौद्ध साहित्य र दर्शनका क्षेत्रको गहिरो अध्ययनले उनीभित्रको नृत्याङ्गनालाई नयाँ आयाम दियो । यसै बीच उनले पद्मकन्या क्याम्पस काठमाडौँमा नृत्य विधा पढाउन थालिन् । पछि उनले पतिको समेत नाम जोडेर बिजुबेटी कलाप्रतिष्ठान खोलेर नृत्यको विधिवत प्रशिक्षण दिन थालिन् । नृत्य र साहित्यमा योगदानका लागि उनी राष्ट्रिय शिक्षा समिति पुरस्कार, गोरखा दक्षिणबाहु चौथो, लुम्बिनी सङ्गीतकला तथा साहित्य सम्मान, मञ्जुश्री सङ्गीत सम्मान, कलानिधि इन्दिरा सङ्गीत सम्मान, भद्रकुमारी घले साहित्यिक पुरस्कार आदिले सम्मानित भइसकेकी छिन् ।



## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट नाट्य विधातर्फ सम्मानित

# वरिष्ठ नाट्यकर्मी धनबहादुर मल्ल

नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट नाट्य विधातर्फ सम्मानित वरिष्ठ रङ्गकर्मी धनबहादुर मल्लको जन्म २००३ साल फागुन १८ गते डोटी जिल्लामा भएको हो । हाल दिपायल सिलगढी नगरपालिकामा स्थायी रूपमा बसोवास गर्दै आउनु भएका मल्ल नाट्य विधासँगै चित्रकला, मूर्तिकला, गायन र नृत्य विधामा समेत लामो समयदेखि साधनारत हुनुहुन्छ ।

सुदूरपश्चिम प्रदेशमा नाट्य क्षेत्रको जग निर्माण गरी युवापुस्तालाई उत्प्रेरित गर्ने मध्येका एक मल्लले नाट्यनिर्देशन, अभिनय तथा लेखनका साथै नाट्यशिल्पका क्षेत्रमा योगदान पुऱ्याउनु भएको छ । पद्म पब्लिक व्यवसायिक माध्यमिक विद्यालयबाट २०३३ सालमा एसएलसी पास गर्नु भएका उहाँको नाट्य क्षेत्रमा प्रवेश धार्मिक नाटकबाट भएको हो । जय दुर्गे, ध्रुव, सत्यमेव जयते, शैलेश्वरी महात्म्य, भरत मिलाप आदि धार्मिक नाटक र अदृश्य हात, भविष्य बोल्छ वर्तमान, आमाको मन, भलाइ, आमा, मिलाप, परिवार र सङ्घर्ष आदि सामाजिक नाटकमा अभिनय गर्नु भएको उहाँका थुप्रै रेडियो नाटक र सामाजिक सडक नाटकहरू पनि छन् ।



शैलेश्वरी मन्दिर परिसर तथा अन्य देवस्थलहरूमा चित्र तथा मूर्तिकला समेत निर्माण गर्नु भएका उहाँ गायन क्षेत्रमा 'कान्छी मेरी बैनीलाई...' लोकगीतले चर्चित हुनुहुन्छ । त्यसै गरी खुकुरी नाच र भुवो नाचमा पनि उहाँ उत्तिकै पोख्त हुनुहुन्छ । पद्म पब्लिक व्यवसायिक माध्यमिक विद्यालयमा शिक्षण सेवा समेत गर्नु भएका उहाँ सुदूर पश्चिम क्षेत्रबाट राष्ट्रिय समाचार समितिको पहिलो समाचार प्रतिनिधि पनि हुनुहुन्छ । पत्रकारिता क्षेत्रमा सगरमाथा सेवा समिति र नेपाल संवाद समितिको समेत संवाददाताको रूपमा उहाँको आवद्धता थियो ।

सर्वनाम पुरस्कार, नेपाल लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठी अभिनन्दन, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल अभिनन्दन, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान कदर पत्र, सुदूर पश्चिम साहित्य समाज प्रतिभाश्री सम्मान, राष्ट्रिय समाचार समिति आदिबाट उहाँ सम्मानित हुनुहुन्छ ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट परम्परागत सङ्गीततर्फ सम्मानित

# वरिष्ठ गायक वंशीधर मण्डल (वंशी बाबा)



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट परम्परागत सङ्गीततर्फ सम्मानित वंशीधर मण्डल (वंशी बाबा) वरिष्ठ गायक तथा नर्तक समेत हुन् । उनको जन्म पिता भुटाइ मण्डल र माता राधादेवीबाट ७४ वर्षअघि सप्तरी जिल्लाको डाक्नेश्वर नगरपालिका, ब्रह्मपुरमा भएको हो । उनको बाल्यकालदेखि नै सङ्गीत र नृत्यमा अभिरूचि थियो । पढ्ने इच्छा हुँदाहुँदै पनि आर्थिक दुरावस्था र पायक पर्ने स्थानमा विद्यालय नहुँदा उनी भारतको बिहार राज्यको मधुवनी जिल्लाको लौकही पुगे । त्यहाँ आफ्नो कलाकारिता देखाएर खानेबस्ने सम्पूर्ण सुविधा बाहेक मासिक एक सुका तिर्ने गरी छात्रवृत्तिमा पढ्ने अवसर पाए । त्यहाँबाट म्याट्रिक पूरा गरेर फर्केका उनले २०२१ सालमा आफ्नो गाउँमा हिमालयन क्लबको स्थापना गरी पारम्पारिक तथा आधुनिक सीत नृत्य प्रशिक्षण तथा प्रदर्शन गर्न थाले । त्यतिखेर उनको गाउँमा श्री पशुपति थिएटरिकल सङ्गीत कम्पनीले वरपरको क्षेत्रमा धनराज कम्पनीका नामले निकै ख्याति कमाएको थियो । उनी 'नटुवा' अर्थात् नृत्यकारका रूपमा सक्रिय भए । यसरी उनी छोडकबाजी, नौटङ्की आदिमा स्त्री पात्रको भूमिका निर्वाह गर्दै नाच्ने/गाउने, नाटकहरूमा अभिनय गर्ने तथा नवयुवाहरूलाई सिकाउने काम गर्न थाले । यसैबीच जीविकोपार्जनका लागि मण्डलले २०२२ सालदेखि सप्तरीकै जण्डौलस्थित प्राथमिक विद्यालयमका शिक्षकको रूपमा काम शुरु गरे । यस बीचमा उनी निरन्तर कलाकारितामा पनि संलग्न रहे । छोडकबाजी, नौटङ्की र नाटकहरूका साथै उनी राजा सलहेस, गोपीचन जस्ता नाच (लोकगाथा)मा पनि काम गर्ने गर्थे । वि.सं. २०६६ सालमा शिक्षण पेशाबाट अवकाश पाएपछि उनी सन्यासीको जीवन व्यतीत गरिरहेका छन् । हाल 'वंशीबाबा'को नामले परिचित उनी कबिराहा गायनका साथै सोहर,लगनी, निर्गुण, विद्यापति जस्ता पारम्पारिक गीतहरूको गायनमा संलग्न रहने गर्दछन् । राम्रो गायक र नृत्यकार भएको हुनाले उनलाई २०१५ सालको चुनावमा समेत उम्मेदवारहरू 'गबैया/नचैया'को रूपमा प्रयोग गरेका थिए । पारम्पारिक गीतहरूको सङ्कलन तथा गायनका साथै जीवन-जगत्का गीतहरूको रचना तथा सङ्गीतमा पनि उनको संलग्नता र दखल रहेको छ । उनको स्वर-सङ्कलनमा मैथिली भाषाका गीतहरूको क्यासेट-एल्बम 'मन होइए अहाँकृ हम देखिते रही' प्रकाशित छ । अहिले पनि ग्रामीण भेगमा आयोजना हुने धार्मिक/सांस्कृतिक समारोहअरूमा उनको संलग्नता महत्त्वपूर्ण रहने गर्दछ ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट लोकसङ्गीत विधातर्फ सम्मानित

# वरिष्ठ गायिका ज्ञानु राणा



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०५७७ बाट लोकसङ्गीत विधातर्फ सम्मानित वरिष्ठ गायिका ज्ञानु राणाको जन्म वि.सं.२००६ साल कात्तिक ३ गते काठमाडौंको ठमेलमा भएको हो । उनका पिता प्रसिद्ध लोकगायक जनकविकेशरी धर्मराज थापा हुन् भने माताको नाम सावित्री थापा हो । गायिका राणाको बाल्यकाल बाटुलेचौर, पोखरामा बित्यो भने प्रारम्भिक शिक्षा पनि उनले त्यही हासिल गरिन् । पछि काठमाडौंको डिल्लीबजारस्थित कन्या स्कुलबाट माध्यमिक शिक्षा ग्रहण गरेकी राणाले त्रिविविबाट प्रमाणपत्र स्तरको शिक्षा लिई भारतको बडौदा र इलाहावादबाट सङ्गीतसम्बन्धी उच्च शिक्षा हासिल गरिन् । गायनमा बाल्यकालदेखि नै अभिरूचि राख्ने ज्ञानुले १४ वर्षकै उमेरमा रेडियो नेपालमा गीत रेकर्ड गराएकी थिइन् । ज्ञानु राणाको स्वर र शैली हरेक प्रकृतिको गीतका लागि अनुकूल एवम् मिठासपूर्ण हुने भएरै होला-उनले लोकगीत, आधुनिक गीत, राष्ट्रिय गीत, भजन, गजल, बालगीत आदि अनेक प्रकारका गीतहरूलाई आफ्नो सुमधुर स्वरले सुशोभित पारेकी छिन् । यस बाहेक विभिन्न गीतिनाटक र चलचित्रका गीतहरू पनि गाएकी छिन् । उनको गायनको मुख्य भाषा नेपाली नै भएतापनि देशभित्रका मैथिली, नेवारी, थारू, भोजपुरी जस्ता कयौं भाषामा पनि गीतहरू गाएकी छिन् भने हिन्दी, उर्दू भाषामा पनि उनको स्वरमा गीत-गजलहरू रेकर्ड भएका छन् । यी विविध खाले गीतहरूलाई एक ठाउँ राख्दा ज्ञानु राणाले झण्डै दुई हजार जति गीत गाइसकेकी छिन् । लामो समयसम्म नेपाल प्रज्ञा-प्रतिष्ठानमा कलाकारको रूपमा योगदान दिएकी राणाले गायनकै क्रममा भारत, चीन, भूटान, जापान, दक्षिण कोरिया, पाकिस्तान, श्रीलङ्का, सिंगापुर, थाइल्याण्ड, ताइवान, म्यानमार र रूस लगायतका देशहरूको भ्रमण गरेकी छिन् । प्रसिद्ध गायिका ज्ञानु राणाले इन्द्रराज्यलक्ष्मी पुरस्कार, छिन्नलता गीत पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, नातिकाजी सङ्गीत पुरस्कार, गोरखा दक्षिण बाहु, हिट्स् एफएम लाइफटाइम एवार्ड, विन्धवासिनी साधना सम्मान लगायत थुप्रै पदक, पुरस्कार र सम्मान प्राप्त गरेकी छिन् । जीवनको सातौं दशकमा हिँड्न लाग्दा पनि ज्ञानु राणा सङ्गीतविधामा उत्तिकै क्रियाशील छिन् ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट रङ्गमञ्च विधातर्फ सम्मानित

# वरिष्ठ अभिनेता सुनिलकुमार मिश्र



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट रङ्गमञ्च विधातर्फ सम्मानित वरिष्ठ रङ्कर्मी सुनीलकुमार मिश्रको जन्म २०१३ साल मङ्सिर ९ गते बुबा उपेन्द्र मिश्र र आमा राधादेवीको कोखबाट जलेश्वर नगरपालिकामा भएको हो । बालाजु मेकानिकल ट्रेनिङ सेन्टर, काठमाडौँबाट प्रमाणपत्र तहको अध्ययन पूरा गरेका मिश्रको नाट्य यात्रा २०३८ सालमा हिन्दी नाटक 'घुङ्गुरू'मा अभिनय गरेपछि प्रारम्भ भएको हो । जनकपुर चुरोट कारखनामा लामो समय जागिरे समेत रहेका उनले जनकपुर मिल्स एरिया युवा क्लबसँग समेत आवद्ध रहेर केही नाटकहरू गरे । २०४२ सालमा पटना भारतमा ओयाजित प्रथम अन्तर्राष्ट्रिय मैथिली नाटक महोत्सवमा उनी जनकपुर चित्रगुप्त सेवा समितिले देवी चौकबाट सहभागी भएका थिए ।

२०४७ सालमा मिथिला नाट्य परिषद्सँग संलग्न भएका उनले दर्जनौं मैथिली नाटकमा निर्देशन तथा अभिनय गरेका छन् । ओकरा, आगि धधकी रहल अछि, पुष जाड कि माघ जाड, ओरिजिनल काम, गाम नइ सुतैय, काठक लयेक, ओ खाली मूह देखे छै, छुतहा घैल, सीता, टुटल तागक एकटा ओर, नसबन्दी, देहपर कोठी खसा दिअ, प्रेत चाहय अशौच, बिरजू, बिल्टुआ बाबु आदि उनीद्वारा निर्देशित तथा अभिनित नाटक हुन् । रङ्गमञ्च अलावो जनचेतना फैलाउने उद्देश्यले मञ्चित कचहरी, साङ्गीतिक सडक नाटक र रेडियो नाटकमा समेत उनले सहभागिता जनाएका छन् । त्यसै गरी उनको अभिनय क्षेत्र फिल्म र टेलिफिल्म पनि हो । मैथिली भाषाका व्यथा, काठक लोक, हंसा चलल परदेश, भागीरथ, अन्हरजाली, अफवाह, पञ्चैती आदिमा र नेपाली भाषाका ठूलो पर्दाका सीता, सिमाना, अवतार र हाइवे फिल्ममा पनि उनले अभिनय गरेका छन् । नेपाली मैथिली रङ्गमञ्चको विकासमा योगदान पुऱ्याउने उल्लेख्य रङ्कर्मीमध्येका एक मिश्रले २०५२ देखि २०६५ सम्म मिथिला नाट्य परिषद्लाई अध्यक्ष भई नेतृत्व समेत गरेका छन् । २०४८ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय नाटक महोत्सवमा सर्वश्रेष्ठ अभिनेताको पुरस्कारले पुरस्कृत उनी राष्ट्रिय प्रतिभा पुरस्कार, सर्वनाम पुरस्कार आदिले सम्मानित भइसकेका छन् ।

# डिजिटल प्रविधिमा दुई नाटक

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले डिजिटल प्रविधिबाट दुई वटा नाटक तयार गरेको छ । प्रतिष्ठानले आरोहण गुरूकुल, विराटनगरसँगको सहकार्यमा नाटक माजिहडाम र अशान्त शर्माको लेखन तथा निर्देशनमा क्लाउन नाटक 'सँगसँगै हिँडौँ' नाटकलाई डिजिटल प्रविधिमा तयार गरेको हो ।

आरोहण गुरूकुलको प्रस्तुति रहेको माजिहडाम नाटकको लेखन रमेशचन्द्र अधिकारीको रहेको छ । यस नाटकमा आफ्नो समुदायको हक, हित एवम् पहिचानलाई स्थापित गराउन प्रयासरत मुखिया अर्थात् सतार जातिको माजिहडामको पद विना कारण खोसुवामा पर्नुको कथालाई समेटिएको छ । सतार जातिमा माजिहडामलाई समुदायको अगुवाको रूपमा मान्ने चलन छ, जसले मञ्जीथानको निर्माण तथा संरक्षण, लिपिको अध्ययन तथा प्रयोग, धर्मग्रन्थको निर्माण, जडिबुटीको माध्यमबाट औषधोपचार लगायतका कार्य गरी समुदायलाई नेतृत्व गरेको हुन्छ तर अचानक उसको पद खोसुवामा पर्छ ।

यही कथालाई उतारिएको नाटकमा कलाकारहरू विजय किस्कु, सनत मुर्मु किस्कु, सचिन किस्कु, सोनी हेमरन किस्कु, सोनाम किस्कु, नेहा किस्कु, छट्ट मार्डी, एतवार सन्थाल र कालु मार्डीको अभिनय रहेको छ ।

त्यसै गरी अशान्त शर्माको लेखन निर्देशन रहेको क्लाउन नाटक 'सँगसँगै हिँडौँ' लाई पनि डिजिटल प्रविधिमा तयार गरिएको छ । यस नाटकमा छिरिङ सेर्पा, दीपन्द्र कार्की, गोपिनी सेढाइँ, दीव्या मगर र फम्फा ओलीको अभिनय रहेको छ ।



# कुलपति र उत्तर कोरियाका महामहिम राजदूतबीच भेटघाट



नेपालका लागि उत्तर कोरियाका राजदूत जो योङ मन र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) बीच मित्रतापूर्ण भेटघाट भएको छ । प्रतिष्ठानको कार्यालय बालुवाटार, भाटभटेनीमा २०७७ माघ २६ गते भएको उक्त भेटघाटमा नेपाल र कोरियाबीच रहेको साँस्कृतिक सम्बन्धका बारेमा कुराकानी भएको थियो ।

उक्त अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र प्रजातान्त्रिक जनगणतन्त्र कोरियाबीच आपसमा साँस्कृतिक आदान-प्रदान गर्ने विषयमा निकै अभिरूचिका साथ छलफल भएको कुलपति रायनले बताउनु भयो । नेपाल र उत्तर कोरियाबीच अघिबाटै साँस्कृतिक आदानप्रदान लागि धेरै वटा कार्यक्रम हुँदै आएको परिप्रेक्ष्यमा यसपल्ट भने एकेडेमीसँग आधिकारिक रूपमा सम्झौता गर्न राजदूत योङ मनले कुरा राखेको पनि उहाँले बताउनुभयो । 'एकेडेमी र उत्तर कोरिया प्रतिनिधि बीचको यो पहिलो भेटघाट पनि हो । यो भेटले हामी उत्साहित छौं ।' कुलपति रायनले दुई देशबीच एकेडेमी तहमा साँस्कृतिक सम्बन्ध स्थापित गर्न आ–आफ्ना सरकार सामु प्रस्ताव अघि बढाउन सकारात्मक छलफल भएको पनि बताउनुभयो । उहाँका अनुसार यसका लागि प्रतिष्ठानले संस्कृति मन्त्रालयसँग कुरा अघि बढाइसकिएको छ र मन्त्रालयबाट पनि सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ ।

उक्त छलफलमा कोरियाली कन्सुलर किम जोङ ह्योक र नेपाल कोरिया मैत्रीसँघका श्री सुबास श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

# प्राज्ञसभा सदस्यहरूलाई सपथ



काठमाडौँ । विभिन्न कारणले सपथ ग्रहण गराउन विलम्ब भएका नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्यहरूलाई कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले यही मिति २०७७ चैत्र १७ गते मङ्गलबारका दिन प्रतिष्ठानको कार्यालय बालुवाटारका एक कार्यक्रमका बीच सपथ ग्रहण गराउनु भयो । सो अवसरमा प्राज्ञसभा सदस्यहरू प्रदीप बम्जन (प्रदीप कुमार लामा), बाबा बस्नेत, भूमिका सुब्बा, लक्ष्मीप्रसाद भट्टराई (लक्ष्मण गाम्नाङ्गे), शिशिर योगी, सुनिल मास्के र सत्यकला राईलाई सपथ ग्रहण गराउनु हुँदै कुलपति रायनले प्रज्ञा-प्रतिष्ठानको प्रतीक चिन्ह र परिचयपत्र पनि प्रदान गर्नु भएको थियो । सपथ ग्रहण कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्य सचिव श्यामप्रकाश तमोट र प्राज्ञपरिषद् सदस्यहरूको समेत उपस्थिति रहेको थियो । कुलपति रायनले ढिलै भए पनि प्राज्ञससभा सदस्यहरूलाई सपथ ग्रहण गराउन पाउँदा अत्यन्त खुसी लागेको बताउनुभयो । उहाँले प्रज्ञासभालाई प्रतिष्ठानको बलियो खुट्टा र दरिलो पाखुराको उपमा दिनु हुँदै अगाडि बढ्नलाई थप ऊर्जा प्राप्त हुने समेत विश्वास व्यक्त गर्नुभयो । नेपाल सरकारद्वारा २०७५ पुष १६ गते नै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका लागि प्राज्ञसभा गठन गरे पनि विभिन्न कारणले प्राज्ञसभा सदस्यहरूले सपथ लिन सक्नु भएको थिएन ।

## प्रतिष्ठान १२ औं वर्षमा प्रवेश

# विभिन्न प्रस्तुतिका साथ वार्षिक उत्सव मनाइयो

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ११ वर्ष पूरा गरी १२ वर्षमा प्रवेश गरेको छ । यस अवसरमा प्रतिष्ठानले गतः वैशाख १० गते शुक्रबार बालुवाटार भाटभटेनीस्थित आफ्नो कार्यालय परिसरमा विभिन्न कार्यक्रमका बीच ११ औं वार्षिक उत्सव मनायो । कोरोनाका कारण समय अनुकुल नभएता पनि स्वास्थ्य मापदण्ड पालना गर्दै प्रतिष्ठानले आफ्नो वार्षिक उत्सवलाई निकै उल्लासमय बनाउन प्रयास गरेको थियो । उक्त अवसरमा प्रतिष्ठानका पदाधिकारी, प्राज्ञसभा सदस्य, कर्मचारी तथा अतिथि कलाकारहरूबाट विभिन्न सृजनात्मक प्रस्तुतिहरू रह्यो भने नेपाल सङ्गीत तथा राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट पुरस्कृत वरिष्ठ ६ जना स्रष्टाको नामावली समेत घोषणा गरिएको थियो ।

प्रतिष्ठानको तर्फबाट प्राज्ञ नमूना शर्माले गजल तथा मुक्तक वाचन गरेर उपस्थित सबैलाई स्वागत गरेपछि कार्यक्रमको सृजनात्मक चरण शुरू भएको थियो । त्यसपछि झण्डै आधा दर्जन गीतसङ्गीत, कविता र गजलको प्रस्तुतिले प्रतिष्ठान परिसर गुञ्जायमान भयो । गायन, वाचन र उद्घोषणमा समेत उत्तिकै वाचाल प्राज्ञ धीरेन्द्र प्रेमर्षिले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा चर्चित गायिका प्राज्ञसभा सदस्य सत्यकला राईले 'नसोध को तराई वासी...'बोलको राष्ट्रिय भावनाले भरिएको गीत प्रस्तुत गर्नुभयो । त्यसै गरी ११ औं वार्षिकोत्सवलाई थप सिर्जनात्मक बनाउन प्राज्ञ हरिदेवी कोइरालाले 'के छ हजुर हालचाल यता नयाँ नेपालको ...' शीर्षकको गीतिकविता वाचन गर्नुभयो । कार्यक्रम सञ्चालनको दौरानमा विभिन्न गीत, शायरी र कविताहरू उध्दृत गर्दै समारोहलाई उत्साहको उचाइ दिने प्राज्ञ प्रेमर्षिको प्रयत्न छँदै थियो । यसै बीच चर्चित हास्यव्यङ्ग्य कवि प्राज्ञसभा सदस्य लक्ष्मण गाम्नागे मञ्चमा पुग्नुभयो । उहाँको 'दिसा गरेपछि हात धुनुपर्छ' शीर्षकको व्यङ्ग्य कविताले दर्शकस्रोताको हाँसोको फोहोरासँग तालीको गडगडाहट पायो । त्यसपछि साहित्यकार प्राज्ञसभा सदस्य बाबा बस्नेतको पालो थियो । उहाँले वाचन गर्नु भएको नारीविद्रोह झल्किने 'बैसाखी बीनाको यात्रा' शीर्षकको कविताले भने माहौललाई गम्भीर र शान्त बनायो । यसपछि प्राज्ञ प्रेमर्षिले मैथिली भाषाको कर्मशीलताको गीत प्रस्तुत गर्नुभयो । सिर्जना प्रस्तुतिकै क्रममा प्रतिष्ठानका कर्मचारी विजय श्रेष्ठले 'भ्रष्ट छ त्यहाँ' शीर्षकको कविता वाचन गर्नुभयो । अन्तिम प्रस्तुतिस्वरूप प्राज्ञ अशोक राईले कवि श्रवण मुकारूङले रचना गर्नु भएको 'जीवन हो सिक्ने कुरा सिक्दै जानुपर्छ ...' बोलको प्रेरणादायी गीत गाउनु भएको थियो ।




प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले अध्यक्षता गर्नु भएको उक्त समारोहमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गंगाप्रसाद उप्रेती तथा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य विशेष अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा प्रतिष्ठानका निमित्त सदस्य सचिव प्राज्ञ अशोक कुमार राईले नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट सम्मानित हुनुहुने ६ जना वरिष्ठ श्रष्टाको नामावली घोषणा गर्नुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले



हरेक वर्ष प्रदान गर्दै आएको यस पुरस्कारबाट यस वर्ष सम्मानित हुनुहुने सष्टामा सङ्गीत विधाबाट सङ्गीतकर्मी माणीकरत्न स्थापित, नाटक विधाबाट धनबहादुर मल्ल, नृत्य विधाबाट बेटी बज्राचार्य, लोक सङ्गीत विधाबाट झानु राणा, परम्परागत सङ्गीत विधाबाट वंशीधर मण्डल(वंशी बाबा) तथा रङ्गमञ्च विधाबाट सुनिल मिश्र हुनुहुन्छ ।

कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गंगाप्रसाद उप्रेतीले वार्षिकोत्सवको दिन हरेक संस्थाका लागि महत्वपूर्ण दिन हुने भन्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिवारलाई बधाई साथै शुभकामना व्यक्त गर्नु भएको थियो । उहाँले प्रतिकुल परिस्थितिमा समेत प्रतिष्ठानले आफ्ना गतिविधिलाई अगाडि बढाई रहेकोमा सराहना प्रकट गर्दै सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो । साथै सङ्गीत तथा नाटकका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका श्रष्टा तथा सर्जकहरूलाई सम्मान तथा प्रोत्साहन गर्नका लागि पुरस्कार तथा सम्मानले विशेष भूमिका खेल्ने भन्दै प्रतिष्ठानले सम्मानित गर्न घोषणा गरेका ६ जना स्रष्टालाई बधाई तथा शुभकामना पनि व्यक्त गर्नुभयो ।

त्यसै गरी नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति कान्छा कुमार कर्माचार्यले नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान विधागत हिसाबले अलग्गै भए पनि उद्देश्य नेपाली समग्र कला संस्कृतिको संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्नु रहेको उल्लेख गर्नुभयो । समारोहका अध्यक्ष कुलपति नारायण भक्त श्रेष्ठ (रायन) ले दूरदराजमा हेपिएका, कसैले वास्ता नगरेका प्रतिभाहरूलाई प्राथमिकताका आधारमा सम्मानित गर्न प्रतिष्ठान नयाँ ढङ्गले अघि बढेको बताउनु भयो । उहाँले यस वर्ष सम्मानित विभिन्न विधाका ६ जना स्रष्टाहरूको छनोटमा पनि उक्त आधारलाई सक्दो ध्यान दिएको दाबी गर्नुभयो । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले प्रतिष्ठानले स्रष्टासर्जकका साथ साथै अगामी दिनमा कर्मचारीलाई पनि उत्प्रेरित गर्ने खालका काम गर्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

२०६७ बैसाख १० गते स्थापना भएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ११ वर्ष पूरा गरी यस वर्षदेखि १२ वर्षमा प्रवेश गरेको हो ।

### भर्चुअल बाल नाटक महोत्सव सम्पन्न

# तीन उत्कृष्ट नाटक पुरस्कृत






काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, रूसी विज्ञान तथा साँस्कृतिक केन्द्र र शैली थिएटरको सहकार्यमा बाल नाटक महोत्सव सम्पन्न भएको छ । २०७७ चैत १ गतेदेखि १२ गतेसम्म भर्चुअल रुपमा आयोजना गरिएको महोत्सवमा १२ वटा नाटक सहभागी भएका थिए भने त्यसमध्ये तीन वटा नाटकलाई उत्कृष्ट चयन गरी पुरस्कृत समेत गरियो ।

कोभिडका कारण भर्चुअल रूपमा आयोजित महोत्सवमा नाट्यकर्मीहरूले आ-आफ्नो स्थानबाट प्रस्तुत गरेका नाटकलाई शैली थिएटरको युटुब च्यानलमार्फत् प्रशारण गरिएको थियो ।

महोत्सवमा चुलाचुली रङ्गमञ्चको प्रस्तुति रहेको 'रिढ्ढ' नाटक मन्चनसँगै सुरू भएको थियो । द्वन्दकालमा राज्य पक्ष र आन्दोलनरत पक्षबाट कसरी बालबालिका चेपुवामा परेका थिए भन्ने विषयको उठान गरिएको यस नाटकपछि दोस्रो दिन चैत २ गते पुष्पराज अवस्थीको लेखन निर्देशनमा 'भूमिका' मञ्चन गरियो । सुदूरपश्चिमेली लवजमा तयार भएको यस नाटकमा बलात्कारपछि विभत्स हत्या गरिएका बालिकाको कथालाई समेटिएको थियो । महोत्सवको तेस्रो दिन मर्निङ स्टार इण्टरनेशनल बोर्डिङ स्कुल बिरेन्द्रनगर सुर्खेतको प्रस्तुती ' अक्षर' नाटक मञ्चन गरियो ,

यस नाटकलाई रञ्जित सिंहले लेखन तथा निर्देशन गर्नु भएको हो । यसै गरी गैंडाकोट नवलपरासीबाट सुनिल शर्मा( ढुंगाना) को निर्देशन रहेको नाटक 'भुन्टे' प्रशारण भयो । यसै गरी नारायणी मा.वि गिम्दी ललितपुरले 'परिवर्तित समाज', कोटदेवी पब्लिक स्कुल नरेफाँट, काठमाडौँले 'महिला हिंसा', दर्शना स्कुल कागेश्वरी मनोहरा काठमाडौँले 'इमान्दार दाउरे', समता शिक्षा निकेतले 'डोल्मा', सुपुर्व क्याटलिष्ट एकेडेमी धादिङले 'के समाज अझै सुध्रिएको हो त ?' नाटक प्रदर्शन भए । महोत्सवको अन्तिम दिन १२ गते कर्मी नाट्य समुह चितवनको प्रस्तुति 'नयाँ कदम' मन्चन भएसंगै नाटक मन्चन हुने क्रम सकिएको थियो ।

महोत्सवको नतिजा भने चैत २१ गते शनिबार साँझ सात बजे भर्चुअल कार्यक्रम मार्फत घोषणा गरिएको थियो ।

निर्णायक मण्डलले एभरेष्ट एकेडेमी कैलालीको 'भूमिका', चुलाचुली रङ्गमञ्च, इलामको 'रिङ्ग' र मर्निङ स्टार विद्यालय सुर्खेतको 'अक्षर' नाटक उत्कृष्ट ठहरिएका थिए । 'भूमिका' नाटकलाई पुष्पराज अवस्थी, 'रिङ्ग' र 'अक्षर' लाई क्रमशः चेतन आङ्थुपो र रन्जित सिंहले निर्देशन गरेका थिए । उत्कृष्ट तीन नाटकले डिजिटल प्रमाणपत्र र पन्ध्र हजार नगद प्राप्त गरे । निर्णायक मण्डलमा त्रि.वि.उप-प्राध्यापक, लेखक तथा समालोचक डा.अशोक थापा र कलाकार,रङ्गकर्मी तथा निर्देशक लुनिभा तुलाधर हुनुहुन्थ्यो ।

रङ्गमन्चमा मन्वित नाटक प्रत्यक्ष हेर्नुको स्वाद भिडियो नाटकबाट प्राप्त नहुने भए पनि कोभिडको प्रतिकुल स्थितिमा पनि बालबालिकाको सृजनशिलता र नाटक प्रतिको मोहलाई जगाइ राख्न भर्चुअल भए पनि बाल नाटक महोत्सवको आयोजना गरिएको महोत्सव निर्देशक नवराज बुढाथोकीले बताउनुभयो ।



# प्रतिष्ठानले जग्गा पायो, अब आफ्नै जग्गामा भवन

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारबाट प्राप्त गरेको जग्गा आफ्नो नाममा कानूनतः कायम भएको छ । यही मिति २०७७ साल माघ १५ गते प्रतिष्ठानको कार्यालय भाटभटेनीमा आयोजित एक अनौपचारिक कार्यक्रममा कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले तत्कालीन सरकारबाट निर्णय भएको १५ रोपनी जग्गा प्रतिष्ठानको नाममा कायम भई नक्साङ्कन तथा रेखाङ्कन कार्य समेत गरिसकिएको जानकारी दिनुभयो ।

२०७२ सालमै तत्कालीन संस्कृतिमन्त्री कृपाशुर शेर्पाको प्रस्तावमा सुशील कोइराला नेतृत्वको सरकारले नक्सालमा रहेको १५ रोपनी जग्गा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानलाई दिने निर्णय गरेको थियो । तर उक्त निर्णयविरूद्ध ललितकला प्रज्ञा-प्रतिष्ठानले सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र भूमिसुधार मन्त्रालयलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सो जग्गा विवाद छ वर्ष लम्बिएको थियो । मिति २०७६ को भाद्र १८ गते सर्वोच्च अदालतका न्यायाधीस सपना प्रधान



मल्ल र डा. मनोजकुमार शर्माको संयुक्त इजलासले सरकारको निर्णयलाई सदर गरेपछि सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका लागि उक्त जग्गा भोगचलन गर्ने बाटो खुलेको हो । प्रतिष्ठानको नाममा जग्गा दर्ता तथा नक्साङ्कन, रेखाङ्कन र घेराबारा कार्य सकिएको खुसीयाली साट्न आयोजना गरिएको कार्यक्रममा उपकुलपति हरिहर शर्माले लामो समयको मुद्दावारीको पीडा स्मरण गर्दै भन्नुभयो, 'क, ख, ग हुँदै 'ज' आउँछ, 'ज' पछि 'झ' आउँछ । त्यसैले ' जग्गा' र 'झगडा' पनि सँगसँगै हुने गर्दो रैछ ।' प्रतिष्ठान स्थापना भएको दस वर्षमा जग्गा प्राप्त भएको र यस अस्तित्वको सङ्घर्षमा भूमिका खेल्ने प्रतिष्ठानका निवर्तमान पदाधिकारी, कर्मचारी तथा नेपाल सरकारप्रति धन्यवाद दिनु हुँदै उपकुलपति शर्माले तत्कालका लागि प्रिफ्याब भवन निर्माण गरेर यही आर्थिक वर्षभित्र प्रतिष्ठानले आफ्नो कार्यालय सार्ने दाबी गर्नुभयो । उहाँले सहरी विकास मन्त्रालयको भवन विभागलाई नक्सा बनाउने जिम्मेवारी दिइसकेकोले प्रिफ्याब निर्माणका लागि चाँडै सम्झौता हुने पनि बताउनुभयो । कुलपति
रायनले प्रतिष्ठान दातृनिकायहरूसँग सहयोग जुटाउन गाऱ्हो परेकाले आर्थिक दृष्टिकोणले सहज हुने गरी प्रिफ्याब निर्माण गर्ने निर्णयमा पुगेको स्पष्ट पार्नुभयो । सदस्य सचिव श्यामप्रकाश तमोटले जग्गा प्राप्त गरेपछि धेरै लामो समयदेखिको उकुसमुकुसबाट खुकुलो महसुस भएकोले आगामी दिनमा प्रतिष्ठान झनै ऊर्जाशील भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सदस्य सचिव तमोटले प्रतिष्ठानले प्रकृतिमैत्री भवन निर्माण गर्ने, अग्रज सङ्गीत तथा नाट्य साधकका नाममा विभिन्न रूख, फूल, बोटविरूवा रोप्ने, हुकार्उने योजना रहेको पनि बताउनुभयो । कार्यक्रममा नेपाल कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले तत्कालीन सरकारले गरेको निर्णयलाई सम्मानित सर्वोच्च अदालतले सदर गरेकोमा आभार प्रकट गर्दै प्रतिष्ठानको भवन निर्माणको गुरूयोजना सफल हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

# मनाइयो ११९ औं सम जयन्ती



काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले २०७७ साल माघ २४ गते नाट्यसम्राट वालकृष्ण समको ११९ औं जन्म जयन्ती मनायो । आफ्नो कार्यालय परिसरमा आयोजित कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी र कर्मचारीले नाट्य सम्राट समको तस्वीरमा फूलमाला अर्पण गरी समको नाटक क्षेत्रमा रहेको योगदानको चर्चा समेत गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले आधुनिक नाटकको सुरूवात गर्ने समको योगदान नाटक क्षेत्रमा अविस्मरणीय रहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा नाटक विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले कार्यक्रममा उपस्थित हुन असमर्थ रहे पनि वरिष्ठ रङ्कर्मी तथा निर्देशक सुनिल पोखरेलले समका बारेमा पठाउनु भएको लिखित सामाग्री पढेर सुनाउनु भएको थियो । लिखित सन्देशमा पोखरेलले विभिन्न समयमा विभिन्न व्यक्तित्वहरूले समका बारेमा लेख्नु भएको सामाग्रीहरूलाई उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्य सचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू धीरेन्द्र प्रेमर्षि, निशा शर्मा पोखरेल, मेघराज शर्मा मन्जुल, नमूना शर्मा, अशोक कुमार राई तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।



# सङ्गीतज्ञ अम्बर गुरूङको ८३ औं जन्मजयन्ती मनाइयो

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रतिष्ठानका प्रथम कुलपति एवम् राष्ट्रगानका सङ्गीतकार सङ्गीतज्ञ अम्बर गुरूङको जन्मजयन्ती कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ । विगत पाँच वर्षयता फागनु १४ गते सालिन्दा विशेष कार्यक्रमका साथ गुरूङलाई सम्झँदै आएको प्रतिष्ठानले यस वर्ष बालुवाटार स्थित आफ्नो कार्यालय परिसरमा एक साङ्गीतिक कार्यक्रमका साथ उहाँको योगदानबारे चर्चापरिचर्चा समेत गऱ्यो ।

नेपाली सङ्गीतका एक शिखर सङ्गीतज्ञ गुरूङको तस्विरमा श्रद्धासुमन चढाउँदै प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले अम्बर गुरूङका असल कर्महरूलाई थोरै भए पनि अनुकरण गर्न सक्नु नै सच्चा सम्मान हुने बताउनुभयो । प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले अम्बर गुरूङको कृतित्वसँगै उहाँको रोचक आनीबानी बारे समेत चर्चा गर्नु भएको थियो । तत्कालीन नेपाल प्रज्ञा-प्रतिष्ठानमा अम्बर गुरूङ सङ्गीत निर्देशक र आफू नाट्य निर्देशकका रूपमा सँगसँगै कार्यरत हुँदा आफूले गुरूङलाई धेरै चिनारी भएको एउटा व्यक्तित्वको रूपमा चिनेको उपकुलपति शर्माले बताउनुभयो । अम्बर गुरूङ स्वर, सङ्गीत र शब्द सबैमा पोख्त भएको दोहोऱ्याउँदै उहाँले भन्नुभयो 'आफ्नो जीवन नै सङ्गीतका माध्यमबाट राष्ट्रका लागि समर्पित गर्ने एक विशिष्ट व्यक्तित्व हुन् अम्बर गुरूङ ।'






वरिष्ठ गीतकार तथा पत्रकार रमण घिमिरेले गुरूङलाई सङ्गीत क्षेत्रमा आत्मकेन्द्रित व्यक्तित्वको रूपमा चित्रित गर्दै दार्जिलिङमा रहँदा उहाँको जीवन सङ्घर्षका बारेमा जानकारी गराउनुभयो । 'नौलाख तारा उदाए...' बाट चर्चा कमाउन सफल भए पनि सङ्गीत क्षेत्रबाट जीविकोपार्जन हुने नदेखिएपछि सङ्गीतकर्म छोडेर कृषि कर्मतर्फ लाग्ने सोच बनाइरहँदा शंकर लामिछानेको सङ्गतपछि फेरि सङ्गीतकर्मलाई निरन्तरता दिएको उहाँले उल्लेख गर्नुभयो ।

त्यस्तै नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य डा. देवी नेपालले उहाँले सङ्गीत सिर्जना गर्नु भएका निकै लोकप्रिय 'हे कान्छा', 'म अम्बर तिमी धर्ती', 'सम्हालेर राख', 'होसियार', 'समयको भिडमा आफूलाई चिन', 'मेरो आँखालाई राख्ने फुलबारी छैन' जस्ता गीतहरूभित्रका दार्शनिक पाटोलाई उजागर गर्नु हुँदै गुरूङ शब्द, सङ्गीत र स्वरको त्रिवेणी रहेको दाबी गर्नुभयो ।

प्रतिष्ठानका सदस्य सचिव श्याम प्रकाश तमोटको सहजीकरणमा भएको कार्यक्रममा प्रतिष्ठानका सङ्गीत विभाग





*"आफ्नो जीवन नै सङ्गीतका माध्यमबाट राष्ट्रका लागि समर्पित गर्ने एक विशिष्ट व्यक्तित्व हुन् अम्बर गुरुङ ।"*
*– उपकुलपति शर्मा*

प्रमुख अशोक कुमार राईको सङ्गीत संयोजनमा अम्बर गुरूङका लोकप्रिय गीतहरू समेत प्रस्तुत गरिएको थियो । कलाकारहरू संजय तुम्रोक, दुर्गा परियार, रूपक चौधरीले अम्बर गुरूङको सङ्गीतमा रहेको 'रातो र चन्द्र सूर्य ..' बोलको गीत प्रस्तुत गर्नुभयो । त्यसै गरी सङ्गीतकर्मी भरत नेपाली, धनबहादुर गुरूङ र लोकराज राईको वाद्यवादनमा नौलखा तारा आकाशमा.., हे कान्छा..लगायतका अम्बर गुरूङद्वारा सिर्जित धूनहरू प्रस्तुत भएका थिए ।

गोरखाका उजिरसिंह गुरूङ भारतीय सेनामा भर्ती भएपछि तिनै उजिरसिंह र आमा रेणुकादेवीको कोखबाट १९९४ फागुन १४ मा दार्जीलिङमा जन्मिनुभएका अम्बर नेपाल फर्केपछि नेपाली सङ्गीत सृजनामा झनै क्रियाशील हुनुहुन्थ्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान लामो समय सङ्गीत निर्देशकका रूपमा सेवा गर्नु भएको उहाँ २०६७ सालमा सरकारले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान स्थापना गरेपछि प्रथम कुलपति नियुक्त हुनु भएको थियो । गणतन्त्र नेपालको राष्ट्रगानमा समेत सङ्गीत भर्नु भएको उहाँको निधन २०७३ जेठ २५ गते भएको थियो ।

# लेप्चा जातिको लोकनाचको अध्ययन

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले लेप्चा जातिको लोकनाचको अध्ययन सम्पन्न गरेको छ । नेपालको लोपोन्मुख अल्पसङ्ख्यक जातिका रूपमा वर्गीकरण गरिएको यस जातिको लोकनाचबारे संस्कृतिकर्मी राजेश थापाले अध्ययन गरेका हुन् ।

मुख्य गरी इलाम जिल्लामा बसोवास गर्ने यस जातिको इतिहास, उत्पत्तिकथा, जनसङ्ख्या, धार्मिक-सामाजिक संस्कार र जीवनशैलीसहित लोकनाचबारेको एक अध्ययन प्रतिवेदन संस्कृतिकर्मी थापाले प्रतिष्ठानलाई बुझाएका छन् ।

आफूलाई आदिम कालमा कञ्चनजङ्घा हिमालको काखमा उत्पत्ति भएको विश्वास गर्ने यस जातिको मुख्य बसोवास र गोर्खे गाउँमा परापूर्व कालदेखि बस्दै आएको यस जातिले सङ्गीत विधालाई सामाजिक जीवनको अभिन्न अङ्गको रूपमा लिएको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनअनुसार यस जातिका गीतमा उत्पत्ति, सृष्टिकर्ता भगवान् तसेथिङ, कञ्चनजङ्घा हिमाल र प्राकृतिक सौन्दर्यको बारेमा चर्चा गरिएको हुन्छ । साथै कृषि र अन्नबाली, प्रकृति, विभिन्न ऋतु र ऋतु परिवर्तन, साहसिक वीरगाथा, पशुपंक्षी, रूखपात र रोमान्चक विषय पनि समेटिएका हुन्छन् ।

लेप्चा जातिमा गीत, सङ्गीत र नृत्यका देवतालाई ना-रेक-रम भनिन्छ । यिनै देवताले आफ्ना लागि गीत, नाच र बाजाहरू ल्याइदिएको लेप्चा जातिमा विश्वास छ । जब विभिन्न पर्व, उत्सव र



नेपालको इलाम जिल्ला र छिमेकी राष्ट्र भारतको सिक्किम, दार्जिलिङ, कालिम्पोङ र भूटान देशमा समेत रहेको छ । 'मुतन्ची-रोङ-कप' अर्थात् 'भगवानको प्यारो सन्तान' मान्ने यस जातिले आफूलाई रोङ नामले चिनाउँदछ । इलाम जिल्ला अन्तर्गत फिक्कल, कन्याम, श्रीअन्तु, कोल्बुङ, समालबुङ, जिर्मले, पशुपतिनगर, इरायोटार, पञ्चकन्या, जोगमाई, गोदक, नाम्सालिङ, शान्ति

समारोहमा यूवायुवति नाच्न शुरू गर्छन् तब सङ्गीतका देवता ना-रेक-रम् पनि अदृश्य रूपमा आएर नाच्न थाल्दछन् भन्ने समेत लेप्चा जातिमा गहिरो विश्वास छ ।

अध्येता थापाले प्रतिवेदनमा लेप्चा जातिको नाचलाई आनुष्ठानिक, ऋतु, कृषि, चाडपर्व, लोकनाच र अन्य गरी पाँच प्रकारका नाचको उल्लेख गरेका छन् । जसअन्तर्गत् अनुष्ठानिक नाचमा

कञ्चनजङ्घा हिमालको पूजा गर्दा समूहमा नाचिने चुफात् आलोक नाच र हिमाली खोलानालाबाट हुनसक्ने सम्भावित खतरा वा बाह्य आक्रमणबाट जोगिनलाई प्रार्थना स्वरूप नाचिने तेन्दोङ लो-रूम्फात् नाच रहेका छन् । यस जातिमा ऋतु, प्रकृति र वनस्पति तथा चराचुरूङ्गीबारे वर्णन गर्दै नाचिने लोकनाचमा किम-चुङ-बोम्सा र तमूल लोकनाच रहेका छन् भने कृषिसँग सम्बन्धित लोकनाचमा मङ्सीर महिनामा अन्नबाली भित्र्याउँदा नाचिने तत्क्रामआलोक नाच प्रमुख रहेको छ । तत्क्रामआलोक नाच अर्थ 'धानकोदो नाच' हो । त्यसै गरी 'कुचुङ' अर्थात् 'मकै' नाच र ज-माल-लोक नाच अर्थात् युवायुवतीले धान रोप्दै गरेको अभिनयमा नाचिने नाच रहेका छन् । पर्वकालीन लोकनाच यस जातिमा कन्याङकुरूङ चराको जस्तै हाउभाउ गरेर नाचिने 'कोनोकलोक' नाच, नयाँ वर्षको रूपमा पुषे औंशीदेखि एक हप्तासम्म मनाइने नाम्बुन पर्वमा नाचिने नाम्साङ नाच प्रमुख रहेका छन् । अन्य लोकनाचमा मङ्सिरमा अन्नबाली भित्र्याउँदा नाचिने तग्राम लोकनाच, लडाइँको दृष्य देखाउन हातहतियार सहित लिएर नाचिने फेन्-ल्वक नाच, पौराणिक जीवनकथामा आधारित लुङ्तेङ्-सा-तकराम नाच, ऋतुहरूको वर्णन गरिएको तमुल नाच, वैवाहिक कार्य तथा पितृ पुजामा नाचिने नाच तकसिम-लोकनाच र कुनै पनि शुभ कार्यमा भेला भई एक आपसमा विदाई हुनेबेलामा नाचिने अप्रया-वोम लोक नाच रहेका छन् । त्यसै गरी दुम्सी जस्तै शरिरलाई डल्लो पार्दै अनेक हाउभाउ गर्दै हास्य शैलीमा नाचिने सथिम आलोक नाच पनि यस समुदायमा प्रचलित छ । अध्येता थापाले यस जातिमा टुङ् धू (बिनायो), चाक्र प्रजाङ् (ढोल), तङ् बक् (टुङ्ना), सङ्च्या (सारङ्गी), पन्तोङ पलित (बाँसुरी), निब्रयो पलित (जोर मूरली), स्युत पलित (एउटा प्वाल भएको बाँसको बाजा) र पटे (बाँसको भाटाबाट बनाइएको पडकाएर बजाउने बाजा) प्रचलनमा रहेको पनि उल्लेख गर्नु भएको छ । २०६८ को जनगणना अनुसार नेपालमा ३ हजार ४ सय ४५ जनसङ्ख्या मात्र रहेको यस जातिको लोकनाचहरू विभिन्न कारणले लोपोन्मुख अवस्थामा पुगेको भन्दै संरक्षणको आवश्यकतालाई समेत अध्ययन-प्रतिवेदनले औंल्याएको छ ।



# नाटक लेखनमा ५ नवप्रतिभा पुरस्कृत

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले यस वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नवप्रतिभालाई समावेश गराई सञ्चालन गरिएको नाटक लेखन कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानको रङ्गमञ्च विभागले आयोजना गरेको यस कार्यक्रम अन्तर्गत् नाटक लेखन क्षेत्रका पाँच जना नवप्रतिभाहरू पुरस्कृत भएको प्राज्ञ निशा शर्मा पोखरेलले बताउनुभयो ।

प्रतिष्ठानले मौलिक नाटक लेखनमा नवप्रतिभाहरूलाई आकर्षित गर्ने उद्देश्यले सञ्चालन गरेको यस नाटक लेखन कार्यक्रममा मुलुकका विभिन्न क्षेत्रबाट पाँच वटा नाटक प्राप्त भएका थिए । प्राप्त नाटकका पाण्डुलिपिलाई प्रतिष्ठानले गठन गरेको छनौट समितिले उत्कृष्टताको आधारमा श्रेणी विभाजन गरी पुरस्कृत गर्ने निर्णय गरेको हो । यस कार्यक्रम अन्तर्गत् गण्डकी प्रदेश कास्कीका केदारनाथ पौडेल द्वारा लिखित 'घेरो', वागमती प्रदेश, तारकेश्वर नगरपालिकाकी कान्छी महर्जनद्वारा लिखित 'बा:रा (गुफा)', गण्डकी प्रदेश, गल्याङ नगरपालिकाका चन्द्रप्रसाद पाण्डेयद्वारा लिखित 'सारङ्गीको यात्रा', १ नं. प्रदेश विराटनगरका रामभजन कामतद्वारा लिखित 'काल' र सुदुर पश्चिम प्रदेश धनगढीका दिनेशप्रसाद जोशीद्वरा लिखित 'लताको कथा' शिर्षकका नाटक प्राप्त भएका थिए । प्राप्त नाटकका सबै लेखकलाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिएको हो ।

प्रतिष्ठानले नवप्रतिभाहरूलाई नाटक पठाउनका लागि २०७७ फागुन २३ गतेबाट २०७७ चैत्र मसान्तसम्मको समयावधि तोकेको थियो । बढीमा ६० मिनेट मञ्चन समयावधि तथा नेपाली भाषा र नेपालका अन्य राष्ट्रभाषाका भएमा नेपालीमा भावार्थ अनुवाद सहित नाटक पठाउनलाई प्रतिष्ठानद्वारा सार्वजनिक आह्वान गरिएको थियो ।

# वसन्त पञ्चमीको पूर्वसन्ध्यामा शास्त्रीय सङ्गीत

काठमाडौँ । वसन्त पञ्चमीको पूर्वसन्ध्यामा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा पशुपति क्षेत्र विकास कोष र वाद्यवादक कलाकार सङ्घ नेपालद्वारा २०७७ फागुन ३ गते काठमाडौँ, कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको सभाकक्षमा शास्त्रीय सङ्गीतसम्बन्धी एक विशेष कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको बौद्धिक पाटोका रूपमा शास्त्रीय सङ्गीतसम्बन्धी विचारगोष्ठीको आयोजना गरिएको थियो । "नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रम" विषयमा आयोजित विचारगोष्ठीमा नेपाल ललितकला क्याम्पसका प्राचार्य डा. रमेश पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यपत्रमाथि नेपाली सङ्गीत क्षेत्रका प्राज्ञिक व्यक्तित्व डा. ध्रुवेशचन्द्र रेग्मीले टिप्पणी गर्नु भएको थियो ।

साङ्गीतिक फाँटमा पिता-पुत्रको तबला-युगलबन्दी कार्यक्रमको विशेष रोमाञ्चक र उल्लेख्य पक्ष हुन गएको थियो । कार्यक्रमका संयोजकसमेत रहनुभएका वरिष्ठ तबलावादक वदन मण्डल र उहाँका सुपुत्र सङ्गीतकुमार मण्डलको तबलामा युगलवन्दीले प्रेक्षालय रोमाञ्चित भएको थियो । पिता-पुत्रको तबलावादनमा पं. रामकुमार अर्यालले सितार तथा विष्णु देवले बाँसुरी बजाएर साथ दिनुभएको थियो । यसैगरी दोस्रो प्रस्तुति रामकुमार अर्याल र विष्णु देवका बीच सितार तथा बाँसुरीको युगलबन्दीमा केन्द्रित थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले यस्तो महत्वपूर्ण कार्यक्रममा सहकार्य गर्न पाउनु प्रतिष्ठानका निमित्त पनि प्रसन्नताको विषय भएको चर्चा गर्दै




कला र कलाकर्मीको हितका निमित्त प्रतिष्ठान सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्माको विशेष उपस्थिति रहेको थियो । त्यसैगरी पशुपतिनाथ मन्दिरका पुजारी नारायण भट्ट पनि कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । सो अवसरमा प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागका प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत हरेक खाले सङ्गीतको मियो भएको विचार व्यक्त गर्दै यस्ता कार्यक्रमले शास्त्रीय सङ्गीतप्रतिको चेतना बढाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । प्राज्ञ प्रेमर्षिले पछिल्लो समयमा प्रतिष्ठानले शास्त्रीय सङ्गीतसम्बन्धी विचार-विमर्श, अनुसन्धान तथा प्रस्तुतितर्फ विशेष ध्यान दिएको उल्लेख गर्दै युवा वर्गमा बिस्तारै बढ्दै गएको शास्त्रीय सङ्गीतप्रतिको अभिरूचिले



नेपाली सङ्गीतको उज्ज्वल भविष्यतर्फ सङ्केत गरेको धारणा राख्नुभयो । पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले शास्त्रीय सङ्गीत र भक्ति सङ्गीतमा लाग्ने कलाकारहरूले थोरै साधना गरी बढी प्रचार गर्ने गरेको बताउँदै टेलिभिजनमा कुशल साधकहरूको प्रस्तुति देख्न नपाएको गुनासो गर्नुभयो । उहाँले कार्यक्रममा प्रस्तुत कार्यपत्रलाई कोषको प्रकाशनमा छाप्ने, शास्त्रीय तथा भक्तिसङ्गीतको प्रवर्द्धनमा यथाशक्य सहयोग गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो । स्वर्गद्वारी आश्रम र मानस मञ्जरीको तर्फबाट ५ जना गुरूहरूको सहभागितामा भएको वैदिक मन्त्रोच्चारणका साथ शुरु भएको उक्त कार्यक्रमको सञ्चालन बुद्धि तिमल्सिनाले गर्नु भएको थियो । कार्यक्रममा प्राज्ञ नमूना शर्मा, प्राज्ञ मेघराज शर्मा (मञ्जुल) र प्राज्ञ अवधेश पोखरेलको पनि उपस्थिति थियो । समापन मन्तव्य राख्दै कार्यक्रमका सभापति वाद्यवादक कलाकार सङ्घ नेपालका अध्यक्ष आकाश थापा 'ब्रह्मचारी त्रोप्चाकी'ले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानबाट प्राप्त सहयोगबाट हौसिएर आगामी दिनमा वाद्यवादक कलाकार सङ्घ नेपाल अझ उत्साहपूर्वक यस्ता कार्यक्रमहरूको आयोजनामा संलग्न हुने बताउनुभयो ।



# लोपोन्मुख ठाडो भाका अध्ययन सम्पन्न

काठमाडौं । गण्डकी प्रदेशमा प्रचलित ठाडोभाकाको अध्ययन कार्य सम्पन्न भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागको संयोजनमा अनुसन्धाता मुक्तिनाथ घिमिरेले यस भाकाबारे स्थलगत अध्ययन गरी एक विस्तृत प्रतिवदेन प्रतिष्ठानसमक्ष प्रस्तुत गर्नु भएको छ ।

आजभन्दा सय वर्षअघि लमजुङको कर्पुटारबाट गाउन थालिएको यो भाका पछिल्लो समय लोपोन्मुख अवस्थामा छ । अनुसन्धाता घिमिरेले ऐतिहासिक पृष्ठभूमि केलाउँदै यस भाकाका उत्पत्ति, विस्तार, सामाजिक-साँस्कृतिक प्रभाव र वर्तमान अवस्थाबारे अध्ययन गर्नु भएको हो । वि.सं. १९६७ सालको महाशिवरात्रीका साँझ लमजुङ कर्पुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर परिसरमा हाँडीखोला, ठूलो बर्धानका देउबहादुर दुराले सार्वजनिक रूपमा पहिलोपल्ट गाएपछि यो भाका अन्य ठाउँमा पनि फैलिएर गएको थियो । यस भाकाको जन्मदाताका मानिएका देउबहादुर दुराले नै त्यस बखत लमजुङ आसपासका अन्य क्षेत्रमा पनि यस भाकालाई लोकप्रियता दिलाएको अध्येता घिमिरेले निष्कर्ष निकालेका छन् ।

उहाँको अध्ययन अनुसार देउबहादुर दुराको यो ठाडो भाका विस्तारै जातिगत दृष्टिमा दुरा, गुरूङ, र भौगोलिक रूपमा पश्चिममा कास्कीको पोखरा, दक्षिणमा तनहुँ र पूर्वमा गोरखा तथा काठमाडौंसम्म विस्तारित भयो ।

संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार यो भाकामा एकै पटकमा मनका धेरै भावना पोख्न सकिन्छ । गाउँलेले घाँस दाउरा, गोठाला, गाउँका सामाजिक कार्य विवाह, ब्रतबन्ध आदिमा गाउने प्रचलन

## को हुन् देउबहादुर दुरा ?

लमजुङ जिल्ला साबिक नेटा गाविस वडा नं १, हालको मध्यनेपाल नगरपालिकामा वडा नं. १०, हाँडीखोला ठूलो बर्धानमा वि.सं. १९९० मा देउबहादुर दुराको जन्म भएको थियो । उनैले वि.सं. १९६७ सालको महाशिवरात्रीको साँझ कर्पुटारको महादेव मन्दिरमा पहिलोपल्ट ठाडो भाका गीत गाएको मानिन्छ ।

औपचारिक पठनपाठनका वातावरण नभएको तत्कालीन अवस्थामा उनको बाल्यकाल घाँसदाउरा, गोठाला, मेलापात गर्दै बितेको थियो । पछि उनी गीत गायन र छेलो खेलमा आफ्ना दमालीभन्दा फरक क्षमताका ठहरिए । त्यतिखेर देउबहादुरले गीत गाउँछन् भनेपछि सुन्नलाई जात्राहरूमा भीड लाग्थ्यो । पहिले पहिले गोठाला र मेलापातमा ठाडो भाका गाउने उनले पछि रोदीघर र जात्राहरूमा पनि गाउन थाले । उनका गीत सुनिसकेपछि उनलाई स्रोताले नगद र फूल समेत चढाउँथे । देउबहादुर गाउनका जति माहिर थिए नाच्न र छेलो हान्नमा पनि उत्तिकै खप्पिस थिए । उनी गाउँदा गाउँदै, नाच्दानाच्दै गएर छेलो समाउँथे । छेलो एक पटक हुत्याएपछि फेरि गाउनलाई उनी गीतको खालमा आइपुग्थे । उनले हानेको छेलाको दूरी अरूले बिहानभरि दिनभर हान्दा पनि कटाउन सक्दैनथे । खेलको छिनोफानो भएपछि साथीहरूले उनलाई बोकेर हुर्रे लाउँदै बजार परिक्रमा लगाउँथे । यसरी कर्पुटार हुँदै लमजुङ जिल्लाभरि उनी ठाडो भाका र छेलो खेलले चिनिए । शुरा, पौरखी र बलिया देउबहादुर पछि सैनिक पल्टनमा भर्ती भए । सैनिक पल्टनमा हुँदा उनले सिंहदरबारको पटाङ्गिनीमा समेत पुली दुरासँग ठाडो भाका गाएका थिए । उनको मृत्यु वि.सं. १९९३ सालमा भोर्लेटार लमजुङमा भयो ।

# सुर्खेतमा नाट्य प्रशिक्षण सम्पन्न



काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा नाट्य प्रशिक्षण सम्पन्न गऱ्यो । आरङ्ग नेपाल सुर्खेतसँगको सहकार्यमा प्रतिष्ठानले यही मिति २०७७ चैत्र २४ गते सुर्खेतमा प्रशिक्षण सम्पन्न गरेको हो ।

नाट्य निर्देशक राजकुमार पुडासैनीले नाट्य लेखन, अभिनय, रङ्गमञ्च, प्रकाश, ध्वनि लगायत नाटकसँग सम्बन्धित विभिन्न विधामा प्रशिक्षण दिनु भएको थियो ।

प्रशिक्षणमा कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट प्रशिक्षार्थीहरूले सहभागिता जनाएका थिए । प्रतिष्ठानकी रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले राजधानी केन्द्रित रङ्गमञ्चको विकास प्रदेश र स्थानीय तहहरूमा समेत पुऱ्याउने उद्देश्यले उक्त प्रशिक्षण आयोजना गरिएको बताउनुभयो ।

प्रशिक्षणको दौरानामा प्रशिक्षार्थीहरूबाट नाटक तयारी गरी प्रदर्शन समेत गरिएको थियो ।

---

बसेपछि यो भाकाले विस्तारै लमजुङे ठाडो भाकाका रूपमा प्रशिद्धि कमाएको हो । देउबहादुर दुरासँगै यस भाकालाई गाउने समकालीन गायकगायिकामा ठूलोस्वाँराका मनिराम दुरा, मिजुरेका पञ्चे सुब्बा गुरूङ, नेटाकी लक्ष्मी दुरा, हाँडीखोलाकी पेचारी दुरा र पुतली दुरा थिए । देउबहादुरको निधनपछि कास्की हंशपुरका बखतबहादुर गुरूङले यस भाकालाई निरन्तरता दिएका थिए । अनुसन्धाता घिमिरेले ठाडोभाका गायनलाई वि.सं. १९६७ सालदेखि २०१५ सालसम्म प्राथमिक, वि.सं. २०१६ सालदेखि २०७४ सालसम्म माध्यमिक र वि.सं. २०७५ सालदेखि यताको समयलाई आधुनिक काल भनेर तीन कालखण्डमा विभाजन गरेका छन् । प्राथमिक कालमै अत्यन्तै लोकप्रियता पाएर अन्य जिल्लामा समेत विस्तार भएको यो भाका माध्यमिक कालमा भने शिक्षणसंथा, राष्ट्रिय पर्व तथा लोकदोहरी क्लबहरूमा गाउने गरियो । मायाप्रिती, रतिराग, ईश्वरीय वन्दनामा रमाएको यो भाकामा माध्यमिक कालमा राजनीतिक र व्यवसायिक प्रभाव पऱ्यो भने आधुनिक कालमा लोपोन्मुख अवस्थामा पुगेपछि यसको संरक्षणमा विभिन्न सङ्घसंस्थाहरू लागी परेको प्रतिवेदनले जनाएको छ । यसका दुरा सेवा समाज, हिमालचुली कला साहित्य प्रतिष्ठान, ठाडोभाका लोककला प्रतिष्ठान, भेडीखर्के साइँला स्मृति प्रतिष्ठान, भेडीखर्के, युक्त गुरूङ, कालु स्मृति प्रतिष्ठान तथा मध्यनेपाल नगरपालिकाले यस भाकाको संरक्षणका लागि विभिन्न गतिविधिहरू गर्दै आएको छ । माध्यमिक कालमा यस भाकाको गायनमा भेडीखर्के साहिँलाले नेतृत्व गरेका थिए । उनलाई ठाडो भाका शिरोमणिका रूपमा समेत चिनिने गरिन्छ । उनीसँगै गाउने अन्य गवैयामा ज्ञानीमाया थापामगर, भक्तिमाया दुरा, धनकुमारी गुरूङ, भैरवबहादुर रानाभाट आदि थिए ।

भूगोल, समाज, स्थानीय परिवेश, चाडपर्व, भाषा, संस्कृति, धर्म, संस्कार, रीतिरिवाज र परम्पराका कुरालाई विभिन्न रस र अलङ्कार प्रयोग गरी दोहोरीका रूपमा महिला र पुरूष मिलेर गाइनु ठाडो भाकाको विशेषता हो । यस भाकाको गायनमा शुरूमा पुरूषले मङ्गलाचरण स्वरूप स्थानीय देवदेवी, सिमेभुमे, चन्द्रसूर्यलाई, त्यसपछि स्रोता र गीताङ्गे जोडीलाई सम्बोधन गरेपछि महिलाले पनि आफ्नो तर्फबाट क्रमशः सम्बोधन गरी पुरूष र महिलाले पालैपालो गाउने प्रचलन छ । यस गीतमा परस्पर प्रश्न गर्ने, उत्तर दिने र रहस्य पत्ता लगाउने गरिन्छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले यस भाकाको संरक्षणका लागि प्रज्ञा-प्रतिष्ठानले छायाङ्कन गरी श्रव्यदृश्य रेकर्डमार्फत अभिलेखीकरण कार्य समेत गरेको स्पष्ट पार्नुभयो । उहाँले यस कार्यले ठाडोभाका संरक्षणमा केही हदसम्म सघाउ पुग्ने तथा नयाँ पुस्ताले ठाडो भाका गीतको बारेमा बुझ्न पाउने विश्वास व्यक्त गर्नुभयो ।

## मिथिला नेपाल टेलिभिजनमा

# सङ्गत र संवाद सुभारम्भ




शास्त्रीय सङ्गीतको प्रस्तुतिलाई नियमितता दिनुका साथै टेलिभिजनबाट निरन्तर प्रसारण गराई यसतर्फ आम सङ्गीतप्रेमीलाई समेत आकर्षित बनाउने र लाभान्वित तुल्याउने उद्देश्यले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानद्वारा सङ्गत र संवाद कार्यक्रम सञ्चालन गरिएको छ ।

नेपाल शास्त्रीय सङ्गीत समाज तथा मिथिला नेपाल टेलिभिजनसँगको सहकार्यमा प्रत्येक शनिबार साँझ ७ बजेदेखि ८ बजेसम्म मिथिला नेपाल टेलिभिजनबाट प्रसारण गरिने यस कार्यक्रमको शुरूआत २०७७ फागुन १ गतेबाट भएको थियो । कार्यक्रमको शुभारम्भ गर्दै प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीतको प्रवाह पछिल्लो समयमा उत्साहप्रद रहे तापनि आम जनसमुदायसम्म यसका वैशिष्ट्य तथा लाभहरु जसरी पुग्नुपर्ने हो त्यसरी पुग्न नसकेको विचार व्यक्त गर्नुभयो । प्राज्ञ प्रेमर्षिले शास्त्रीय सङ्गीतलाई समग्र सङ्गीतको मूल बताउँदै यसमा सिञ्चन गरे देशका सबैखाले सङ्गीतको विकास हुने विश्वास व्यक्त गर्नुभयो । शास्त्रीय सङ्गीत फाँटका युवा साधक कुन्दन पाठकद्वारा सहजीकरण गरिएको कार्यक्रममा शास्त्रीय सङ्गीतका विभिन्न व्यक्तिहरूको कला प्रस्तुतिका साथै उहाँहरूसँग उक्त विषयसम्बन्धी वार्तालाप गर्ने गरिएको छ । कार्यक्रमअन्तर्गत फागुन ०१ गते डा. ध्रुवेशचन्द्र रेग्मीले सितारवादन, ८ गते जीवन राईले तबलावादन, १५ गते दुर्गाप्रसाद खतिवडाले बाँसुरीवादन, २२ गते यतिराज अधिकारीले बेला (भायोलिन) वादन र २९ गते अच्युतराम भण्डारीले तबलावादन गर्नु भएको थियो ।

यसैगरी चैत ७ गते परशुराम भण्डारीले सारङ्गीवादन, १४ गते ब्यङ्कटेश ढकालले तबलावादन, २१ गते नवराज सापकोटाले गायन र २८ गते सुनील शाहीले गायन प्रस्तुत गर्नु भएको थियो । शास्त्रीय सङ्गीत प्रस्तुतिका सन्दर्भमा २०७८ बैशाख ४ गते धनबहादुर गुरूङले बाँसुरीवादन, ११ गते विष्णुप्रसाद आचार्यले ध्रुपद गायन, १८ गते रविनदास श्रेष्ठले गायन र २५ गते मनोज श्रेष्ठले तबलावादन प्रस्तुत गर्नु भएको थियो ।

सङ्गत र संवाद कार्यक्रम नियमित रूपमै प्रस्तुत गर्ने योजना भए तापनि कोरोनोको दोस्रो लहरले विकराल रूप लिएपछि रेकर्डेड रूपमा कार्यक्रम प्रस्तुत गर्नसमेत खतरापूर्ण हुन गएकोले कार्यक्रम स्थगित हुन गयो । आगामी समयमा पुनः यस कार्यक्रमलाई निरन्तरता दिने परम्पर ागत तथा शास्त्रीय सङ्गीत विभागको योजना रहेको छ ।

# मुस्लिम संस्कारगीतको अध्ययन



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले मुस्लिम समुदायमा प्रचलित संस्कारगीतको अध्ययन गरेको छ । आर्थिक वर्ष २०७७/७८ को अनुसन्धान योजना अन्तर्गत् धार्मिक अल्पसङ्ख्यकका रूपमा रहेका मुस्लिम समुदायको संस्कारगीतलाई लोकसङ्गीत विभागबाट अध्ययन गरिएको हो ।

विशेष गरी नेपालको तराई क्षेत्र र पहाडी तथा हिमाली क्षेत्रमा समेत यस समुदायको बसोवास रहेको छ । यस समुदायमा पनि उत्सव, चाडपर्व र जन्मदेखि मृत्युसम्मका संस्कारमा विभिन्न गीत गाइने प्रचलन छ । ती परम्परागत गीत बारेमा प्रतिष्ठानले विभिन्न पहिलोपल्ट औपचारिक खोजअनुसन्धान गरेको हो । अनुसन्धाता प्रा.डा. कपिलदेव लामिछानेका अनुसार नेपाली मुस्लिम समुदायको लोकजीवन, संस्कार र त्यसमा प्रचलित संस्कारगीतबारे अध्ययनलाई केन्द्रित गरिएको छ ।

इतिहासकारहरूका अनुसार राज्यविस्तार, धर्मविस्तार तथा व्यापारविस्तारका प्रयोजनले विभिन्न कालखण्डमा नेपाल प्रवेश भएका मुस्लिम समुदायले आफ्नो धर्म, कला, संस्कृतिलाई समेत सँगै लिएर आए । अझ राणा प्रधानमन्त्री वीर शमशेरका पालादेखि त नेपालको सङ्गीत क्षेत्रमा मुस्लिम समुदायको ठूलो योगदान समेत रह्यो । त्यतिखेर भारतबाट थुप्रै प्रसिद्ध मुस्लिम सङ्गीतकर्मीहरू नेपाल आई बसोबास गरेका थिए । दरबारमा उर्दू र फारसी भाषामै नाचगान र नाटकहरु प्रदर्शन हुने त्यस कालमा नेपाली साहित्य र रङ्गमञ्चमा उर्दु वाङ्मयको ठूलो प्रभाव परेको थियो ।

नेपालको कूल जनसङ्ख्यामा ४.४ प्रतिशत स्थान ओगट्ने यस समुदायको सघन बसोवास लुम्बिनी प्रदेश, प्रदेश नं. २ र प्रदेन नं. १ का तराई जिल्लाहरू हुन् । अनुसन्धाता लामिछानेले आफ्नो अध्ययनलाई मूलतः लुम्बिनी प्रदेश र प्रदेश नं. २ का मुस्लिम समुदायमा केन्द्रित भएर गरिएको बताए । विभिन्न प्रदेशका छरिएर रहेकाले नेपालका मुस्लिम समुदायले नेपाली, उर्दू, अवधी, भोजपुरी, मैथिली भाषामा आफ्नो लोकसाहित्य अभिव्यक्त गर्ने गर्दछन् । जन्मदेखि विवाहसम्मका संस्कारका यस समुदायले सोहर, अकीका, खतना, बुकवा, रज्जगा, जिहर, अल्लापीर, सेहरा, रसमाना, नात आदि लोकगीत गाइँदै आएका छन् । मुस्लिम समुदायमा नवजात शिशुलाई केन्द्रमा राखेर सोहर गीत गाउने प्रचलन छ । यस गीतमा पतिपत्नी बीचको दाम्पत्य सम्बन्धको मिठास, रतिक्रीडा, गर्भधारण, प्रसूतिको अवस्था, प्रसवकालीन पीडा र शिशुजन्मको अवस्थासम्मलाई कथ्य रूप दिएर गाइने गरिन्छ । शिशु जन्म हुनु पूर्वदेखि जन्मेको बाह्रौं दिनसम्म शिशुको रक्षा र मङ्गलको कामनामा मुख्यतः महिलाले समूहमा यस्तो गीत गाउने गर्दछन् । अध्येता लामिछानेले दाङ र जिल्लाको गढवा गाउँपालिका र बाँके जिल्लाको खजुरा गाउँपालिकाबाट सङ्कलन गरेका सोहर गीतको पाठलाई प्रतिवेदनमा समावेश गर्दै त्यसको लय, कथ्य, भाषा, शैली आदिको समेत व्याख्या गर्ने प्रयास गरेका छन् । त्यसै गरी यस समुदायमा शिशु क्रमशः बढ्दै गएपछि वृद्धि संस्कारका लागि अकीका र खतना संस्कार गीत गाउने प्रचलन पनि रहेको छ । यस समुदायमा बच्चा एक वर्षदेखि



पाँच वर्ष पुगेपछि उसको लिङ्गको टुप्पाको छाला काट्ने संस्कारलाई नै खतना भनिन्छ भने हकिका संस्कारमा गाइने गीतलाई अकिका भनिन्छ । पहिले प्रचलनमा रहेको यी संस्कारगीत अहिले लोपोन्मुख अवस्थामा पुगेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यस समुदायमा विवाह संस्कारमा इस्लाम धर्मगुरुलाई स्मरण गर्दै अल्लापीर लोकगीत गाइन्छ भने दुलाहादुलहीको वर्णन, मङ्गल, शुभकामना तथा हर्षोल्लासका लागि रज्जागा, सेहरा, जिहर, बुकुवा र रसमाना लोकगीतहरू गाउने प्रचलन रहेको छ । कपिलबस्तु र बाँकेका स्थानीय मुस्लिम समुदायमा प्रचलित विवाह संस्कार गीतलाई अध्येता लामिछानेले प्रतिवेदनमा प्रस्तुत गरेका छन् । त्यसै गरी यस मुदायमा युद्धमा सहादत प्राप्त गरेका हसन, हुसेन र परिवारजनका स्मृतिमा वा मृत्युसंस्कारमा नात गीत गाइने प्रचलन रहेको छ । विभिन्न धार्मिक र सांस्कृतिक अवसरमा समेत यो गीत नृत्य र बाद्यवादनबिना गाइने गरिन्छ । दाङ र अर्घाखाँची जिल्लामा गाइने नात लोकगीतलाई यस प्रतिवेदनमा चर्चा गरिएको छ । प्रतिवेदनमा नेपाली मुसलमानको ऐतिहासिक पृष्ठभूमि प्रस्तुत गर्दै मुसलमान नामकरण, पुर्ख्यौली तथा नेपाल आगमन, नेपालमा बसोबासका प्रमुख क्षेत्र र जनसङ्ख्या, जाति व्यवस्था, वेशभूषा र आभूषण, खानपान, आजीविका, उपवास र चाडपर्व, धर्म, दर्शन, सम्प्रदाय र विश्वास, लोककला, भाषा र लिपि, लोकसाहित्य र संस्कारको अध्ययनलाई समेटिएको छ । कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, मोरङ, रौतहट, बाँके र दाङ जिल्ला मुस्लिम समुदायमा स्थलगत अध्ययन गरी तयार गरिएको यस प्रतिवेदनले मुस्लिम समुदायको पहिचान झल्काउने संस्कारगीतहरू कति लोप भइसकेका र कति लोप हुने क्रममा रहेकोले संरक्षणको खाँचो समेत औँल्याएको छ ।



# डोट्याली लोकगीतको अध्ययन सम्पन्न

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले डोट्याली लोकगीतको अध्ययन सम्पन्न गरेको छ । प्रतिष्ठानको लोकसङ्गीत विभागको संयोजनमा संस्कृतिकर्मी पदमराज जोशीले उक्त अध्ययन गरेका हुन् । नेपाली भाषाको उदगम्स्थल डोटी क्षेत्रमा लोक संस्कृतिको समृद्ध भण्डार रहे पनि केही लोकगीत लोपोन्मुख अवस्थामा रहेको अध्ययनले देखाएको छ । संस्कृतिकर्मी जोशीले मानव सभ्यताको उदयदेखिका विभिन्न पक्ष र घटनाक्रमहरू डोट्याली लोकगाथामा चित्रण भएको उल्लेख गरेका छन् । उहाँका अनुसार हाल आएर बसाईंसराइ गर्दै डोटी क्षेत्रबाहिर जानु, पुराना पुस्ताका मानिस रित्तिँदै जानु र नयाँ पीढीले ती लोक गीतसङ्गीतलाई निरन्तरता दिन नसक्नुले सङ्कट सृजना भएको हो । ।

अध्येता जोशीले धेरैले डोट्याली संस्कृतिका रूपमा देउडा लोकगीतलाई मान्ने गरे पनि त्यो मात्र पूर्णतः सत्य नभएको तर्क गर्नु भएको छ । उहाँका अनुसार देउडा गीतसङ्गीत डोट्याली लोकसङ्गीतको सानो अंस मात्रै हो । यस बाहेक चैत, धमारी, ढुस्को, हुड्केली, चाँचरी, मागल र फाग गीतहरू डोट्याली लोकगीतका आत्मा हुन् । विभिन्न चाडपर्व सगुनसंस्कार गीतका रूपमा गाइने फाग गीत र हुड्केली गीत जटिल परिस्थितिमा पुगेको प्रतिवेदनले जनाएको छ । पहिले-पहिले दलित समुदायका दमाई, ढली समूहले जीवन्तता दिइआएको हुड्केली परम्पम्परालाई अहिले निरन्तरता दिन छोडेका छन् ।

प्रतिवेदनमा डोट्याली श्रमगीतमा चाँचरी, बाउसे नाचसँगै गाइने गीत, विभिन्न लोकगाथा, यूद्धकालीन पराक्रमका गाथा समेट्ने गीत लोपोन्मुख अवस्थामा पुगेको उल्लेख छ । त्यसै गरी कोदो र धान गोडमेल गर्ने बेलामा कुटोले भूमि खोस्र्दै गाइने दोहोरी श्रम गीतहरू लोप भई सकेका छन् । विभिन्न देवीदेवतासम्बन्धी मागल स्तुति, मालश्री, चैत, चाँचरीहरू, भोलाउलो र ढुस्को आदि गीत पनि लोपोन्मुख अवस्थामा छन् । प्रतिवेदनले डोट्याली लोकगीतहरूलाई मौलिक स्वरूप झल्कने गरी छायाङ्कन गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा विस्तृत परियोजना सहित संरक्षणमा लाग्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

# दुई दिने सोरठी कार्यशाला गोष्ठी सम्पन्न

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सहकार्य र नृत्य निर्देशक सङ्घ नेपालको आयोजनामा सोरठी लोक नृत्यको ताल र भेषभूषासम्बन्धी प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञानको दुई दिने कार्यशाला सम्पन्न भयो । कार्यशाला २०७७ चैत्र ३ र ४ गते भक्तपुरमा आयोजना गरिएको हो ।

कार्यशालालाई प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले नाट्येश्वरको मूर्तिमा माल्यार्पण गरी दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो । कार्यशाला उद्घाटन गर्नु हुँदै कुलपति रायनले प्रतिष्ठानले नृत्य निर्देशक सङ्घसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्नु हुँदै प्रदर्शनकारी कला नृत्यको संरक्षण गर्नका लागि कार्यशाला, छलफल अन्तरक्रियाहरूले प्रभावकारी भूमिका खेल्ने विचार प्रकट गर्नुभयो ।

कार्यशालाको पहिलो दिन सोरठी नृत्यबारे संस्कृतिविद् डा. मिन श्रीसमगर, वरिष्ठ नृत्य निर्देशक के.पी. पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रमाथि लेखक तथा अनुसन्धानकर्ता डा. मोतीलाल पराजुली, वरिष्ठ नृत्य निर्देशक प्रेम लोप्चन र रोचक थापाले टिप्पणी गर्नुभयो भने वरिष्ठ नृत्यगुरूबा भैरवबहादुर थापा र नृत्य निर्देशक पूर्ण नेपालीले विश्लेषण गर्नु भएको थियो ।

त्यसै गरी ताल, बाजाको सैद्धान्तिक एवम् प्रयोगात्मक ज्ञानबारे लोक वाद्यवादन विशेषज्ञ खड्ग बुढामगर र प्रयोगात्मक नृत्य अभ्यास प्रारम्भबारे वरिष्ठ नृत्य निर्देशक याम गुरूङ र सानेबहादुर रानामगरले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको दोस्रो दिन ताल बाजा सहित सोरठी नृत्यको प्रयोगात्मक प्रशिक्षण आयोजना गरिएको थियो । प्रशिक्षार्थीहरूलाई नृत्यबारे




वरिष्ठ नृत्यनिर्देशक याम गुरूङ र सानेबहादुर राना तथा तालबाजाबारे खड्क बुढामगरले प्रशिक्षण दिनु भयो । कार्यशालामा भेषभूषासम्बन्धी नृत्य निर्देशक पूर्ण नेपाली र केपी पौडेल तथा नृत्य संयोजनबारे वरिष्ठ नृत्यनिर्देशक याम गुरूङले प्रशिक्षण दिनुभयो । कार्यशालामा सहभागी प्रशिक्षार्थीहरूबीच आफूले सोरठी लोकनृत्यको नाच, ताल र भेषभूषाबारे प्रशिक्षकबाट सिकेको ज्ञानबारे अन्तरक्रिया, अनुभव आदानप्रदान र प्रश्नोत्तर कार्यक्रम समेत भएको थियो ।

११० जना नृत्य निर्देशकले सहभागिता जनाएको उक्त कार्यशालामा सहभागी प्रशिक्षार्थीहरूलाई प्रतिष्ठानका सदस्य सचिव श्यामप्रकाश तमोटबाट प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यशाला समापन कार्यक्रमका प्रमुखअतिथि तमोटले सोरठी लोकनृत्य नेपाली लोकसङ्गीतको गौरव रहेको विचार व्यक्त गर्नुभयो । कार्यशालामा लोकसंस्कृति अनुसन्धानकर्ता प्रा.डा. मोतीलाल पराजुलीले सोरठी नृत्यबारे विशेष चर्चा गर्नुभयो । सोरठी नृत्य नेपालको मध्यपहाडी भागमा प्रचलित विभिन्न लोकनाटकमध्ये लोकप्रिय गीतिनाट्य भएको भन्दै उहाँले यसको संरक्षणका लागि सम्बन्धित सबै निकायहरू जागरूक हुनुपर्ने बताउनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशमा मुख्य गरी प्रचलनमा रहेको यस नृत्यलाई स्याङ्जाको दक्षिणपूर्वी भागमा नचरी, पाल्पाको पश्चिमी भागमा नाचन्या, पाल्पाकै केही भागमा करङ् नाच तथा तनहुँमा पाङ्दुरे नाच तथा मारूनी नाच नामले सम्बोधन गर्ने गरिन्छ । गुरूङ, मगर, कुमाले र दरै जातिमा अत्यन्त प्रचलित सोरठी नाचको आनुष्ठानिक, सङ्गीत, परम्परागत भेषभूषा, गीतिनृत्य जस्ता विभिन्न तत्त्वको अध्ययन आवश्यक रहेको पनि उहाँले बताउनुभयो । कार्यक्रम नृत्य निर्देशक सङ्घका अध्यक्ष भूवनदास श्रेष्ठले सबै नृत्य निर्देशकले सोरठी लोक नृत्यको नाच, ताल, र भेषभुषाको एकरूपता र यसबारे सैद्धान्तिक रूपमा जान्न आवश्यक रहेकाले कार्यशाला आयोजना गरिएको प्रष्ट पार्नुभयो । कार्यक्रममा विशेष अतिथि प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले सोरठी लोकप्रिय नृत्य भएको र यसको सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षणबाट सहभागी सबै लाभान्वित हुने र प्राप्त ज्ञान, सीपलाई आफ्नो आफ्नो ठाउँमा लगी प्रशिक्षण दिन सक्षम हुन सक्ने कुरा बताउनुभयो । कार्यक्रममा नृत्य निर्देशक सङ्घका उपाध्यक्ष प्रदीपमान श्रेष्ठ, महासचिव नृपध्वज खत्री, प्रवक्ता ऋषिकेश श्रेष्ठ, सङ्घद्वारा गठित अध्ययन तथा अनुसन्धान सह-संयोजकहरू केशब कोइराला, रवि रानामगर, काठमाडौँ जिल्ला अध्यक्ष बुद्ध लामा लगायतको सक्रिय सहभागिता रहेको थियो । समापन कार्यक्रममा प्रशिक्षार्थीबाट सोरठी नृत्य प्रदर्शन समेत गरिएको थियो ।

# वागमती प्रदेशमा ६ शैलीका लोकनाच प्रचलित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नृत्य विभागमार्फत् आर्थिक वर्ष २०७७/२०७८ को बजेट अन्तर्गत वागमती प्रदेशमा प्रचलित लोकनाचहरूको शैलीगत अध्ययन सम्पन्न गरेको छ । उक्त अध्ययनले वागमती प्रदेशभित्र पर्ने हिमाली, पहाडी, काठमाडौं उपत्यका र तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरूमा छ वटा शैलीका लोकनाचहरू प्रचलित रहेको निष्कर्ष निकालेको छ ।



नेपालको १३ वटा जिल्ला समेटिएको र मुख्य गरी २१ वटा विभिन्न जातिहरू बसोवास गर्ने वागमती प्रदेशमा सेब्रु, मारूनी, डाण्डिया, मुखौटा, युद्धाभिनय र मुक्त गरी ६ शैलीका लोकनाच प्रचलनमा रहेको अध्येता प्रतिभा पुनको अध्ययनले देखाएको हो । अध्येता पुनले लोकमनोरञ्जन तथा अन्य प्रयोजनका लागि यस प्रदेशमा भूगोल र जाति अनुसार भिन्नभिन्न लोकनाचहरू प्रचलनमा रहे पनि ती नाचहरूलाई प्रस्तुतिका आधारमा ६ शैलीमा वर्गीकरण गरेकी छिन् । प्रतिवेदनमा वर्गीकरणका अन्य आधारमा लोकनाच प्रस्तुति क्रममा प्रत्यक्षत प्रमुख भूमिका खेल्ने अङ्गप्रत्यङ्गको चाल, अनुहारको भावमुद्रा र वाद्यवादन कलालाई समेत मानिएको छ । प्रतिवेदन अनुसार वागमती प्रदेशको हिमाली र उच्च पहाडी भेगमा बसोवास गर्ने सेर्पा र तामाङ जातिमा प्रचलित सेब्रु र म्हेन्दोमाया लोकनाचको शैली नै सेब्रु शैली हो । यो शैलीको नाच मानवीय अनुभूतिलाई खुट्टाको चालमा केन्द्रित भएर सामूहिक रूपमा लामो साङ्लो झैं भएर नाचिन्छ । वाद्यवादन रहित र वाद्यवादन सहित पनि नाचिने यस नाचमा ढ्याङ्ग्रो, विशेष खालको घण्टी, झ्याम्टा, डम्फु, टुङ्ना आदि वाद्यवादनको प्रयोग गरिन्छ । अध्येता पुनले प्रदेश नं. १ बसोवास गर्ने लिम्बु जातिको च्याब्रुङ नाच र राई जातिको साकेला नाचलाई समेत सेब्रु शैलीको नाच भनेर दाबी गरेकी छिन् ।

यसै गरी वागमती प्रदेश र नेपालका अन्य प्रदेश मध्यपहाडी प्रदेशमा मगर, गुरूङ, माझी, कुमाल लगायतका जातिले नारीको परिधानमा पुरूषद्वारा नाचिने नाचलाई मारूनी शैलीका रूपमा प्रतिवेदनमा उल्लेख गरिएको छ । मादल बजाउँदै एक जना गुरूबा,मादले समूह, मारूनी समूह र गिताङ्गे महिला समूह रहने यस शैलीका नाच जातिगत भाषाअनुसार विभिन्न नामले प्रचलनमा रहेका छन् । आख्यानसहित र आख्यानरहित नाचिने यस नाचभित्र सोरठी, पुर्ख्यौली नाच (करबाकेली चरित्र नाच, राजा तुलु चरित्र नाच), कृष्णचरित्र नाच, रामचरित्र नाच, गोपीनाच आदि पर्दछन् ।

प्रतिवेदक पुनले वागमती प्रदेशमा पर्ने तराईका मूलवासीले नाच्ने नाचहरूलाई भने डाण्डिया शैली भएको चर्चा गरेकी छिन् । पुनको अनुसार यो शैली मूलतः डण्डाबाट निसृत सङ्गीतको तालमा नाचिने नाचको शैली हो । विशेष गरेर थारू, अवधि, भोजपुरी र मैथिली समुदायमा यो शैलीको लोकनाचको प्रचलन बढी रहेको छ । विभिन्न स्थानमा बस्ने यी समुदायका समाजमा लाठी नाच, ठेकरा नाच, ठाकठोके, भर्रा नाच, झम्टा नाच, ठकरा नाचजस्ता लोकनाचहरू यस शैलीमा नाचिन्छन् । काठमाडौं उपत्यकाका नेवार समुदायले नाच्ने टाकटुके नाच पनि यसै शैलीअन्तर्गत् पर्ने अध्येता पुनको दाबी छ । यसै गरी काठमाडौं उपत्यकाका नेवार समुदायमा अत्यन्त प्रचलित मुकुण्डो नाच र यससँग नजिक रहेका नाचलाई अध्येता पुनले मुखौटा वा मुकुण्डो शैली भनी नामकरण गरेकी छिन् । वास्तविक अनुहारलाई अन्य बस्तुले छोपेर नाचिने यो शैलीको लोकनाचहरूमा मगर जातिको मयुर नाच, नेवार जातिको हनुमान नाच, अष्टमातृका नाच, कार्तिक नाच, नृसिंह नाच, लाखे नाच, भैरवकुमार नाच, भद्रकाली नाच, लाखे नाच पर्दछन् । यी नाचहरू मूलतः विभिन्न चाडपर्व विशेषमा लौकिक तथा परालौकिक देवदेवी र विभिन्न प्राणीहरूका मुखाकृतिको मुखौटा लगाएर नाच्ने गरिन्छ । यी शैलीका नाचमा वाद्यवादनका रूपमा धाः बाजा, भुस्या बाजा, झ्याली, बाँसुरी, मादल आदिको प्रयोग हुने गर्दछ ।

अध्येता पुनले वागमती प्रदेशको उत्तरी धादिङका तामाङ समुदायले नाच्ने घोडचढी नाच, काठमाडौंका नेवार समुदायले नाच्ने लाखे नाच र अन्य विभिन्न समुदायमा प्रचलित ढाल नाच,



# गुरूकुल सङ्गीत शिक्षा प्रारम्भ

काठमाडौँ । नेपालमा पहिलो पटक गुरूकुल पद्धतिमा संस्थागत रूपले सङ्गीत शिक्षा प्रारम्भ भएको छ । नेपाल शास्त्रीय सङ्गीत समाजले २०७७ साल फाल्गुण २६ गते ललितपुरमा एक विशेष कार्यक्रमको आयोजना गरी गुरूकुल सङ्गीत शिक्षा कार्यक्रम शुरु गऱ्यो ।

शास्त्रीय सङ्गीतको विकासले सबैखाले सङ्गीतको उन्नति हुने कुरा विभिन्न उदाहरणहरूबाट प्रमाणित भइसकेको कुरालाई हृदयङ्गम गरी शास्त्रीय सङ्गीत प्रशिक्षणको पुरानो शैली गुरूकुल सङ्गीत शिक्षाको थालनी गरिएको हो । नेपालमा गुरूकुल सङ्गीत शिक्षा नयाँ भएकोले प्रारम्भिक चरणमा एकजना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरी यसको यात्रा अगाडि बढाइएको छ ।

छात्रवृत्तिका लागि शास्त्रीय सङ्गीत समाजद्वारा वि.सं. २०७७ माघ महिनामा प्रकाशित सूचनाका आधारमा देशभरिबाट प्राप्त निवेदनहरूमध्यबाट ललितपुर जिल्ला शङ्खु गा.वि.स. वडा नं. १ निवासी नवराज सापकोटा अन्तिम छनौटमा पर्न सफल भएका हुन् । सापकोटालाई शास्त्रीय सङ्गीत क्षेत्रका चर्चित व्यक्तित्व श्री केसीले शिष्यत्व प्रदान गर्नु भएको छ ।

समारोहका प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले गुरूकुल सङ्गीत शिक्षाको यात्राले नेपाली सङ्गीतको श्रीवृद्धिमा नौलो आयाम थप्ने विश्वास व्यक्त गर्दै यस किसिमको दूरगामी तथा दिगो प्रकृतिका कार्यलाई टेवा पुऱ्याउने काममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सदैव साथ रहने बताउनुभयो । सो अवसरमा समाजका अध्यक्ष वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ धनबहादुर गोपालीले नेपालमा पनि गुरूकुल पद्धतिबाट सङ्गीत शिक्षा-दीक्षा दिनुपर्ने आवश्यकता महसुस गरी यसको शुरूआत गरिएको उल्लेख गर्दै सङ्गीतमा विशेष दक्षता प्राप्त गर्न निकै उपयोगी गुरूकुल पद्धतिको विकासका लागि राज्यले पनि प्रोत्साहन गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रमका संयोजक समाजका महासचिव गोकुल लेछर्बो लिम्बूले शिष्यको खाने, बस्ने तथा प्रशिक्षण शुल्कको प्रबन्ध नेपाल शास्त्रीय सङ्गीत समाजका तर्फबाट गरिने जानकारी दिँदै छात्रवृत्ति पाउने विद्यार्थीले संस्थाको नीति-नियममा रही संस्थाले तोकेको गुरूसँग बस्नुपर्ने प्रावधान रहेको बताउनुभयो । उहाँले विभिन्न व्यक्ति तथा सङ्घ-सस्थाहरूले दिने सहयोगबाट गुरूकुल शिक्षाका लागि छात्रवृत्ति सञ्चालन गरिएको पनि जानकारी दिनुभयो ।

ललितपुरको पुल्चोकस्थित इन्दिरा कलानिध सङ्गीत महाविद्यालयको सभाकक्षमा भएको उक्त कार्यक्रमा गुरूलाई शिष्य हस्तान्तरण गरेपछि गुरूकुल शिक्षाका लागि छानिएका विद्यार्थी सापकोटाले गुरु श्री केसीको हारमोनियम सङ्गतमा शास्त्रीय गायन प्रस्तुत गरेका थिए ।

---

तलबार नाच, सराएँ नाच, खुकुरी नाच, लाठी नाच, मयुर नाच युद्धाभिनय शैलीमा नाचिने भनेर चर्चा गरेका छन् । लोकसंस्कृतिविद् मोतिलाल पराजुलीका अनुसार वीरयोद्धाहरूको युद्धाभ्यासका प्रवृत्तिमा रहेका अथवा देवदेवीका उपासनाका रूपमा वीरतामूलक साधना गरेका समूहनृत्यलाई युद्ध अभिनय शैली भनिन्छ । यस्ता नाचमा नर्तकनर्तकीले बाजाका तालअनुसार ढाल, तरबार, खुँडाखुकुरी र धनुबाणजस्ता हातहतियार लिएर लडाकु भावमा विभिन्न अङ्गमुद्रा सहित प्रस्तुत गर्दछन् । यस शैलीका नाचमा युद्धरत दुई पक्षबीच हुने आक्रमण र प्रत्याक्रमणको अभिनयलाई देखाइन्छ । प्रतिवेदनमा वागमती प्रदेशमा नाचिने नाचहरूको एक प्रमुख शैली मुक्त शैलीका नाचहरू पनि रहेको उल्लेख छ । प्रस्तुतीकरणमा परम्परागत विधिविधान, वेशभूषा, आङ्गिक चाल तथा भावमुद्रामा स्वतन्त्र शैली अपनाइने यस प्रकारका नाचमा चुड्के, ख्याली, झामरे, कौरा नाच आदि हुन् । यस शैलीका नाचमा बाजारहित र बाजासहित एकल, युगल र सामूहिक रूपमा स्वतन्त्र ढङ्गले आनो कला प्रदर्शन गर्दै नर्तकनर्तकीहरू नाच्ने गर्दछन् । यस शैलीका नाचमा खेजडी भजन नाच, झ्याउरे नाच, तीज गीतका नाच, रत्यौली नाच, देउसीभैलो नाच आदिलाई अध्येता पुनले संक्षिप्त रूपमा चर्चा गरेकी छिन् । लोकनाचहरूको प्रस्तुतीकरण ढाँचा, वेशभूषा, प्रदर्शन प्रविधि, परिवेश सन्दर्भ, पात्र, वाद्यवादन र अङ्गप्रत्यङ्गहरूको चाललाई समेत शैलीगत अध्ययनमा समेटिएको अध्येता पुनको दाबी छ ।

# वितापत नाचबारे अध्ययन सम्पन्न



काठमाडौं । नेपालका अल्पसङ्ख्यक गन्गाई जातिमा प्रचलित वितापत नाचबारे नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले एक अध्ययन सम्पन्न गरेको छ । मूलतः प्रदेश नं. १ को मोरङ र झापा जिल्लामा अल्पसङ्ख्यामा बसोवास गर्ने यो समुदायले मौलिक नाच वितापतबारे प्रतिष्ठानको नृत्य विभागको संयोजनमा सरिकाकुमारी मण्डलले विस्तृत अध्ययन गरेकी हुन् ।

जनसङ्ख्याको दृष्टिले अल्पसङ्ख्यक भए पनि गन्गाई समुदाय मौलिक भाषा, संस्कृति र लोक वाङ्मयले निकै धनी मानिन्छ । महाभारतकालीन विराट राजाको मावलीका रूपमा आफूलाई दाबी गर्ने यो समुदाय मोरङ र झापा जिल्लाका अत्यन्त पुराना बासिन्दामध्ये एक हो । कन्काई नदीले आवाद गरेको आसपास क्षेत्रमा बसोवास गर्दै आएको यस समुदायमा वितापत नाच हजार वर्षयता नाचिँदै आएको जनविश्वास छ ।

अध्येता मण्डलले गन्गाई जातिको ऐतिहासिक पृष्ठभूमि, हालको बसोवास क्षेत्र, सामाजिक-सांस्कृतिक अवस्था, यस जातिमा अन्तर्निहित लोकविश्वास र मिथकको चर्चा सहित वितापत नृत्यबारे विस्तृत अध्ययन प्रतिवेदन प्रतिष्ठानमा बुझाएकी छिन् ।

२०६८ को जनगणना अनुसार कुल ३६,९८८ जनसङ्ख्या रहेको यस समुदायमा मनोरञ्जनको दृष्टिकोणले मात्र नभएर सामाजिक र धार्मिक दृष्टिले पनि वितापत नृत्यले अत्यन्त महत्व राख्ने गर्दछ । मुख्य व्यवसायका रूपमा खेतीपातीलाई अपनाउँदै आएको यस समुदायमा खास गरी मुण्डन, विवाह र चोरकच्छी जस्ता शुभकार्यमा वितापत नाच अनिवार्य नाच्नुपर्ने हुन्छ ।

यस नाचमा पाँच जना व्यक्तिलाई समावेश हुने गर्छन् । जसमध्ये मुख्य निर्देशकको भूमिका खेल्ने व्यक्तिलाई मुलग्याआन भनिन्छ । नाचलाई दिशानिर्देश गर्ने, दर्शकलाई हँसाउनेरूवाउनेदेखि मनोरञ्जनपूर्ण बनाउने सूत्राधारको भूमिका मुलग्याआनकै हो । नटुवा यस नाचको केन्द्रीय पात्र या नाच्ने व्यक्ति हो । गन्गाई जातिमा महिलाहरूलाई नाच्नलाई कम स्वतन्त्रता हुने भएकाले पुरुषले नै महिलाका भेषमा नटुवाको भूमिका निर्वाह गर्ने प्रचलन छ । नटुवाले राधा, कोइली चरी, माता सीता, गोपीनी, ग्वाला जस्ता थुप्रै भूमिकामा नाच्नुपर्ने हुन्छ । यस नाचमा मुख्यत : हँसाउने भूमिकामा हुने व्यक्तिलाई बिक्टा तथा मृदङ्ग बाजा बजाउनलेलाई मृदङ्गीया र झाल बाजा बजाउनेलाई झलबाहा नामले सम्बोधन गर्ने गरिन्छ ।

एक दिनको समयलाई बिहान, दिउँसो, बेलुका, र मध्यरातिमा विभाजन गरी नाचिने यो नाचको शुरू गर्दा सर्वप्रथम गणेश भगवान्को पूजा गरिन्छ । गणेशको पूजा गर्दा गाइने गीतलाई बन्नही-छन्नही भनिन्छ । यो नाच बिहान प्रदर्शन गर्दा गाइने गीतलाई बिके पराती भनिन्छ भने त्यसपछि दिउँसो गाइने गीतलाई अस्लान करौनी, दिउँसो २/३ बजे गाइने गीतलाई रजनीसजनी, बेलुका ६-७ बजे गाइने गीतलाई सम्झा भन्निछ । राति ८-९ बजे घरबास गीत र नाचको अन्त्यमा महेश वाणी गीत अनिवार्य गाउनुपर्ने हुन्छ । खास अर्थ र महत्त्व बोक्ने ती गीतका कारण यो नाचमा समय बितेको दर्शकलाई पत्तो नै हुँदैन, कहिलेकाहीँ त दुई-तीन दिनसम्मै नाचले निरन्तरता समेत पाउने गर्छ । यो नृत्य देखाउन गन्गाई समुदायलाई राजवंशी, थारू, यादव, खबास जातिले पैसा तिरेर लैजाने समेत गर्छन् ।

अध्येता मण्डलले भगवान् कृष्ण र राधाको अटुट र निस्वार्थ माया तथा गोपिनीहरूलाई कृष्णले सताएको लोकगाथा गाउँदै सामूहिक रूपमा नाचिने यो नृत्यनाटिका गन्गाई समुदायको समृद्ध परम्परा भएको निष्कर्ष निकालेकी छिन् । यस अध्ययनले अल्पसङ्ख्यक गन्गाई समुदायको वितापत नृत्यको संरक्षण गर्न टेवा पुग्ने प्रतिष्ठानकी नृत्य विभाग प्रमुख नमुना शर्माको दाबी छ ।

## तराई क्षेत्रमा प्रचलित कृषिसम्बन्धी

# परम्परागत लोकगीतको अध्ययन

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले तराई क्षेत्रमा प्रचलित कृषिसम्बन्धी परम्परागत लोकगीतहरूको अध्ययन गरेको छ । प्रतिष्ठानको परम्परागत सङ्गीत विभागको संयोजनमा संस्कृतिविद् डा. कृष्णराज चौधरीले गर्नु भएको उक्त अध्ययनले तराई क्षेत्रका कृषिसम्बन्धी कतिपय परम्परागत लोकगीतहरू लोप भइसकेको र कति लोपोन्मुख अवस्थामा रहेको प्रतिवेदन बुझाएको छ ।



तराई क्षेत्रमा बसोवास गर्ने १६ भन्दा बढी जातजाति र विभिन्न भाषिक समुदायमा केन्द्रित गरिएको अध्ययनले किसान, कुमाल, सोनहा, बोटे र दनुवार समुदायका कृषि लोकगीतहरू लोप भइसकेका छन् । ती समुदायमा पेशाव्यवसाय परिवर्तन हुनु, बसाइँसराइ हुनु तथा पुस्ताहस्तान्तरण नहुनु र भाषा नै लोप हुँदै जानुले कृषि गीतहरू लोप भएको हुन सक्ने अध्येता चौधरीले सङ्केत गर्नु भएको छ ।

अध्ययनमा तराईका भोजपुरी, मैथिली, अवधि, बज्जिका भाषिक समूह र थारू समुदायका कृषि गीतहरूलाई समेटिएको छ । अध्ययन अनुसार भोजपुरी भाषिक समुदायमा ऋतुअनुसार गाइने खेतीपातीसम्बन्धी प्रशस्त गीतहरू रहेका छन् । जसमध्ये वसन्त ऋतुको उत्तरार्द्ध र गृष्म ऋतुको आगमनसँगै गाइने बिरहा गीत, गृष्म ऋतुमा गाइने विरहिनी गीत, गृष्म ऋतुको उत्तरार्द्धमा गाइने बरमासा गीत, साउन महिनामा गाइने कजरी गीत प्रमुख छन् । त्यसै गरी कार्तिक दीपावलीमा गाइने दोहा, खेती कर्ममा संलग्नलाई एकबिहानै बिउँझाउने पराती गीत, खेतमा काम गरेर फर्कने क्रममा गाइने झुमरा आदि कृषि गीत भोजपुरी भाषिक समुदायमा प्रचलित छन् ।

कृषिलाई पुर्ख्यौली पेशा अपनाउने थारू समुदायमा खेतीपातीका लागि विभिन्न पूजाआजा गर्दै मन्त्रहरू फलाक्ने परम्परा समेत भएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । पश्चिमा थारू समुदायमा खेतीपाती लाउन वैशाखदेखि असार महिनासम्म ढुरिया पूजा गरिन्छ भने रोपाइँ शुरू हुनअघि खेतमा खाना खाने प्रक्रिया शुरू गर्न कल्वा खैना संस्कार गरिन्छ । रोपी सकेको धान हराभरा होस् भनी भदौमा हरेरी पूजा लाउने तथा पाकेको नयाँ अन्नबाली भित्र्याउन लवङ्ग्या मङ्सिर महिनामा कुखुरा, सुँगुर र बाखाको बलिसहित लवङ्ग्या पूजा गर्ने प्रचलन पनि यस समुदायमा रहेको छ । यी बाहेक लरैया छेउ पूजा, बगार पूजा, हरडहवा, औली लेना, खेन्हवा बहन्ना, पेन्ड्या जस्ता कृषिसँग सम्बन्धित पूजाहरूमा मन्त्र र कृषि गीतहरू थारू समुदायले गाउने गर्दछन् । पश्चिमा थारू समुदायले वैशाखदेखि साउनसम्म गाउने प्रमुख कृषि लोकगीत सजनामा खेतीपाती, विभिन्न ऋतु प्रसङ्ग, पशुपंक्षी, शिकारी युग र कृष्ण चरित्रको समेत वर्णन हुने गर्दछ । त्यसै गरी धान रोप्ने बेला बिया-बैठानी र सुक्खा खडेरीमा पानीबर्खाको आराधना गर्दै गीत गाउने प्रचलन पनि छ । यस समुदायमा प्रचलित झर्रा गीत, भादा, सावनबलाहा, गोरू बेह्ना र सख्या गीतमा पाइने विभिन्न मिथक, लोककथा र जनप्रचलनले कृषिसभ्यताको शुरूवातदेखि उन्नत अवस्थालाई अभिव्यक्त गरेको अध्येता चौधरीले चर्चा गर्नु भएको छ ।

पूर्वीया थारू समुदायको खेतीपाती गीतबारे प्रतिवेदनमा छुट्टै खण्डमा चर्चा गरिएको छ । प्रतिवेदन अनुसार पूर्वीया थारू समुदायमा खेतीपातीका लागि ग्राम थान पूजा, गव (रोपाइँ) पूजा, नयाँ धानबाली उठाएपछि मङ्सिर पूर्णिमामा नेमान पूजा, बाधबधवार

पूजा, धानको बिऊ राख्ने वसन्त पञ्चमी पूजा, गोठ पूजा, बाँधपैनी निर्माणमर्मत गर्दा जलकुमारीको पूजा, जेठ-असारमा इन्द्रदेवको पूजा गर्दा विभिन्न कृषिगीत गाउने प्रचलन छ । पूर्वीया थारू समुदायमा मुख्य रूपमा चाँचर, विरहेन, ऋतु गीत र स्तुति गीतहरू खेतीपाती गर्दा गाइने गीत हुन् । यसै गरी हलो जोत्ने बेलाको गीत, तरकारी रोप्दाको गीत, कोदो र जुनेलो रोप्दाको गीत, बिउ राख्ने बेलाको गीत, वागबगैंचा लगाउने, खेतमा घुम्न जाने, गौचरन, बैठारसँग सम्बन्धित लोकगीतहरूको पनि उल्लेख ।

अवधि भाषिक समुदायमा रोपाइँ गीत निकै लोकप्रिय रहेको भन्दै यस समुदायमा अक्षय तृतीयाबाट खेतीपाती सुरूवात हुने र त्यसक्रममा विभिन्न देवीदेवताको पूजा अर्थात् अडवार फारैक गर्ने प्रचलन रहेको प्रतिवेदनले जनाएको छ । यस समुदायका कृषि लोकगीतमा विशुद्ध प्रेम, प्रकृति वर्णन, विछोडको भाव, गुनासो, हर्षउल्लास, लैङ्गिक हिंसाको भाव आदि पाइन्छ । यस समुदायले रोपाइँ सकिएपछि गाउने गीतलाई निरवनी भनिन्छ ।

तराईमा बसोवास गर्ने बज्जिका भाषी समुदाय, उराँव, मैथिलीभाषी, ताजपुरिया र कुमाल समुदायका केही कृषि लोकगीतहरूको समेत चर्चा गरिएको प्रतिवेदनले विभिन्न लोकगीतसँगै कृषिलोकगीतहरू लोपोन्मुख अवस्थामा पुग्नुलाई बदलिँदो जीवनशैली, सहरीकरण र उपभोक्तावादी संस्कृतिलाई कारक मानेको छ । यस्ता लोकसाहित्यको संरक्षणका लागि सबैभन्दा पहिले प्राथमिक शिक्षालाई अनिवार्य रूपमा मातृभाषाको माध्यमले बहुभाषी बनाउनुपर्ने, सञ्चारमाध्यमलाई स्थानीयकरण गर्नुपर्ने, पम्परागत लोक साहित्यलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न अन्य उपायहरू अवलम्बन गर्नुपर्ने समेत सुझाव पेश गरेको छ ।



# लोकबाजाबारे सैद्धान्तिक पाठ्यपुस्तक तयार

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले १५ वटा लोकबाजाबारे सैद्धान्तिक पाठ्यपुस्तक तयार गरेको छ । लोकबाजा बजाउन सिक्न र सिकाउनलाई आधार भूत सैद्धान्तिक ज्ञान दिने उद्देश्यले यस प्रकारको पाठ्यपुस्तक तयार गरिएको सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले बताउनुभयो ।

शास्त्रीय सङ्गीतसम्बन्धी प्रशस्त पाठ्यपुस्तक भए पनि नेपाली मौलिक बाजा बजाउन सिक्न र सिकाउन पाठ्यपुस्तकको अभावलाई यस पुस्तकले पूर्ति गरेको प्राज्ञ राईले दाबी गछ । यस पाठ्यपुस्तकमा मादल, खैँजडी, धिमाल जातिको ढोल, सारङ्गी, सनाई, बाँसुरी, डम्फु, किरात ढोल, ढोलक, च्याब्रुङ, धिमे, बिनायो-मुर्चुङ्गा, पियुङ र टुङ्ना बाजाको वाद्यवादनबारे सैद्धान्तिक ज्ञान समावेश गरिएको छ ।

वरिष्ठ सङ्गीतकार शीलाबहादुर मोक्तानको संयोजन र सम्बन्धित जातिका बाजा विज्ञहरूको सहयोगमा यो पाठ्यपुस्तक तयार गरिएको हो । जसमा लिम्बु जातिको च्याब्रुङ बाजाका सैद्धान्तिक ज्ञान लेखनमा यासेली योङहाङ र बुद्धिमान लिम्बु र राई तथा धिमाल जातिको ढोलबारे दीपेश राई र राम धिमाल संलग्न हुनुहुन्थ्यो । त्यसै गरी तामाङ जातिको डम्फू, टुङ्ना र पियुङ बाजाको आधारभूत ज्ञान लेखनमा सङ्गीतकर्मीहरू दावा वाङ्गेल लामा, छेवाङ तेन्जिङ लामा र सोनाम लामाले सहयोग पुऱ्याउनु भएको हो । मगर जातिको खैँजडीका लागि सङ्गीतकर्मी खड्ग बूढामगर र तराईका आदिवासी जनजातिले बजाउने ढोलक बाजाको सैद्धान्तिक ज्ञानको लेखन भने सङ्गीतकार कुमार महाराजाले गर्नुभयो । त्यसै गरी सङ्गीतकर्मी भरत गन्धर्वले सारङ्गी, जीवन आलेले बाँसुरी, प्राज्ञ नारदमणि हार्ताम्छालीले मुर्चुङ्गा, सङ्गीतकर्मी दूर्गा गुरूङले सनाई र सङ्गीतकर्मी मनराज नकर्मीले धिमे बाजाको सैद्धान्तिक ज्ञान लेखनमा आवद्धता जनाउनु भएको थियो ।

पुस्तकमा वरिष्ठ सङ्गीतसंयोजक शुभबहादुर सुनामले तयार गर्नु भएको पूर्वीय र पाश्चात्य स्वरलिपिबारेको आलेखलाई पनि समावेश गरिएको छ । यी बाजाहरूको ऐतिहासिक, सांस्कृतिक तथा जातीय पृष्ठभूमिबारे अनुसन्धाता डा. भक्त राईले छुट्टै अनुसन्धान लेखन समेत गर्नु भएको छ । प्राज्ञ राईले यस पुस्तकको अर्को भाग समेत प्रकाशन गर्ने योजनामा प्रतिष्ठान रहेको जानकारी दिनु हुँदै यस्ता पुस्तकले सम्बन्धित जाति र भूगोलमा मात्र सीमित भइरहेका बाजाहरू अन्य भूगोल र समुदायमा पनि विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

# गण्डकी प्रदेशका परम्परागत सङ्गीत अनुसन्धान सम्पन्न

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले गण्डकी प्रदेशमा प्रचलित परम्परागत सङ्गीतको अनुसन्धान कार्य सम्पन्न गरेको छ । अध्ययनबाट गण्डकी प्रदेशका ११ वटै जिल्लामा बसोवास गर्ने विविध जातिहरूले जोगाई राखेका परम्परागत सङ्गीतको पहिचान भएको प्रतिष्ठानले जनाएको छ ।

अनुसन्धान संस्कृतिकर्मी गायत्री पराजुलीले गर्नु भएको हो । गण्डकी प्रदेशलाई सङ्क्षेपमा चिनाउँदै अध्येता पराजुलीले यस प्रदेशमा प्रचलित लोकगीत, लोकगाथा, लोकनाच र लोकबाजाबारे छुट्टाछुट्टै खण्डमा अध्ययन गर्नु भएको हो । साथै गण्डकी प्रदेशमा स्थापित र सञ्चालित विभिन्न साङ्गीतिक संस्थाहरूको परिचयात्मक विवरणलाई समेत अध्ययनभित्र समेट्नु भएको छ ।

विभिन्न श्रोत व्यक्तिहरूसँग कुराकानी, सम्बन्धित जातिसमुदायका विज्ञसँग छलफल, स्थलगत अध्ययन-अवलोकन कार्य तथा यसअघि भएका अध्ययन अनुसन्धानलाई समेत ध्यानमा राख्दै गरिएको यस अनुसन्धानले गण्डकी प्रदेशमा ४० भन्दी बढी प्रकारका लोकगीत, डेढ दर्जन बढी लोककथा, तीन दर्जनजति लोकनाच र दुई दर्जन जति लोकबाजाहरू प्रचलनमा रहेको तर आयातीत संस्कृतिका कारण परम्परागत सङ्गीत खतरामा परेको निष्कर्ष निकालेको छ ।

अनुसन्धाता पराजुलीले गरेको अनुसन्धान अनुसार यस प्रदेशमा बसोवास गर्ने विभिन्न जातिसमुदायको रहसहन, रीतिरिवाज, धर्म, संस्कार, चाडपर्व, पेशाव्यवसायसँग सम्बन्धित विभिन्न लोकगीतहरू प्रचलित छन् । जसमा ख्यालठट्टा गर्दै गाउने खेली गीत, देवीदेवताको भक्तिगानमा गाइने खेली भजन, आरति, कीर्तन आदि प्रमुख हुन् । त्यसै गरी यस प्रदेशका पाल्पा, स्याङ्जा, तनहुँ, नवलपुर जिल्ला मुख्य बसोवास रहेका मगर समुदायमा प्रचलित कौरा लोकगीत पनि एक हो । पुरुषहरूले गाउने र युवतीहरु नाच्ने कौरा गीत प्रायः माघेसङ्क्रान्तिमा सुरू गरी असार पूर्णिमामा पूरा गर्ने प्रचलन छ ।

त्यसै गरी यस प्रदेशको मनाङ, मुस्ताङ जस्ता हिमाली भेगतिरका भोटे वा तामाङ जातिले सेलो गीत र सेर्पा जातिले टुङ्ना गाउने प्रतिवेदनमा उल्लेख छ । यस प्रदेशका सबै समुदायमा देउसी-भैली, जेठे गीत, असारे गीत, साउने गीत, भदौरे गीत, घाँसे गीत, दाइँ गीत, मालसिरी गीत, झ्याउरे गीत गाउने परम्परा रहेको पराजुलीले इङ्गित गर्नु भएको छ । रत्यौली, दोहोरी गीत, तिजे गीत, ऋषिपञ्चमी गीत, खुड्का गी आदि यस प्रदेशका खसआर्य समुदायमा अत्यन्त लोकप्रिय रहेको छ भने हमक्याइलो गीत यस प्रदेशको कास्की, स्याङ्जा जिल्लाका हिन्दू नारीहरूले गाउने विशेष तिजे गीत हो ।

प्रतिवेदनअनुसार यस प्रदेशका गन्धर्व जातिले तरबारे लोक गीत गाउने गर्दछन् भने बाग्लुङ भुजीखोला आसपासका भूजेल समुदायले भूजी गीत गाउँछन् । त्यसै गरी उपल्लो मुस्ताङ र मनाङका गुरूङ र लोवा समुदायमा विभिन्न समय, चाडपर्व र सन्दर्भ अनुसार लुसे, तेम्डे लु, यार्की गीत, सिङ्ले गीत, लामा साङ्पो, क्यो लु, कोछ्र्याङ गीत, ढाक्ले गीत, ढोक्लु गीत, ज्यालु गीत, चेनछिक् सिक्धाङ गीत, घ्येल्से गीत, मेन्ते, लुजा गीत गाउने परम्परा रहेको



छ । त्यसै गरी प्रदेशका थकाली समुदायमा भने म्हघ्योइ, ताम्पैं गीत आदि गीतको परम्परा रहेको उल्लेख छ । प्रतिवेदन अनुसार यस प्रदेशमा डाँफे र मुरली, मनकोइला रानी, गोपीबाँस र भक्क्यौँलो, शारदा बहु, कठपुतलै, लछुमन गोसाइँ, डिल्लीराम भयै, सुशीला चेली, बालाचन्द्र, सरूमा रानी, सवाइ, चन्द्र शमशेरको कर्खा, जङ्गबहादुरको कर्खा, तेन्जिङ शेर्पाको कर्खा, छोरीले आमा मारेको घटना, बाउले छोरी मारेको घटना, मामाले भान्जी मारेको घटना नामका लोकगाथा प्रचलित छन् ।

गण्डकी प्रदेशमा लोकनाचको पनि उत्तिकै समृद्ध परम्परा रहेको भन्दै प्रतिवेदनले मगर र गुरूङ समुदायमा अत्यन्त लोकप्रिय घाटु र कौरा नाचको परम्परा रहेको उल्लेख गरेको छ । यस प्रदेशका नेवार समुदायले गाईजात्रा नाच, तायमचा नाच र भैरव नाच नाच्ने गर्दछन् । त्यसै गरी यस प्रदेशमा विभिन्न समुदायले नाच्ने अन्य लोकनाचमा हनुमान नाच, चरित्र नाच, मारूनी नाच, ख्याली नाच, लमजुङे नाच, गोपीचन नाच, बालन नाच, धामीझाँक्री नाच, सराएँ नाच, तरबारे नाच, पाङ्दुरे नाच, घोर्से नाच, धाल्से नाच, घ्योक्से नाच, छ्याम् नाच, घ्युठ्यो नाच, मान्यँ नाच, भ्याक्छ्याम नाच, टोटे नाच, डन्डी नाच, घर्लु नाच, घाङ्ला स्योकी होतो, चेथाङ घाङ्ला, यार्तुङ नाच, लाखे नाच, फाला नाच, धज्याङ नाच, थर्च्याङ नाच भएको अनुसन्धाता पराजुलीले जातिगत र भौगोलिक आधारमा चर्चा गर्नु भएको छ । अनुसन्धात पराजुलीले यस प्रदेशका लोकबाजा रूपमा मादल, पञ्चे बाजा, दमाहा, ट्याम्को, ढोलकी, सनाई, नौमती बाजा, कर्नाल, नरसिँहा, एकतारे, सारङ्गी, अर्बाजो, तबला, टुङना, खैँजडी, मुजुरा, मुरली, बाँसुरी, शङ्ख, घण्ट, करताल, चाँप, डमरू, नगरा, जिम्बे, बिनायोलाई पहिचान गर्नु भएको छ ।

प्रतिवेदनले परम्परागत सङ्गीतको संरक्षणको खाँचो औंल्याउँदै राज्यले विद्यालय तथा महाविद्यालय तहमा परम्परागत सङ्गीत विषयमा शिक्षण गर्नुपर्ने सुझाव दिनु भएको छ । प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले अनुसार गण्डकी प्रदेशको परम्परागत सङ्गीतको सविस्तार अभिलेखीकरण गराउने लक्ष्य अनुसार अनुसन्धान कार्य गरिएको हो ।

## प्रदेश नं. १ का मौलिक तथा परम्परागत लोकबाजाबारे अध्ययन सम्पन्न

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रदेश नं. १ मा प्रचलित मौलिक तथा परम्परागत लोकबाजाहरूको अनुसन्धान कार्य सम्पन्न गरेको छ । प्रतिष्ठानको सङ्गीत विभागको संयोजनमा सङ्गीतविशेषज्ञ बुलु मुकारूङले उक्त अनुसन्धान कार्य गर्नु भएको हो । अनुसन्धानमा प्रदेश नं. १ मा मुख्य बसोवास गर्ने किराँत र कोच सभ्यताभित्रका विभिन्न जातिसँगै खसआर्य, द्रविड, मधेसी, थारू र मुस्लिम समुदायको लोकबाजाहरूको पनि अनुसन्धान गरिएको छ । हिमाल, पहाड र तराई गरी भौगोलिक विविधता समेत बोकेको यस प्रदेशमा प्रचलित कतिपय मौलिक तथा परम्परागत लोकबाजा लोपोन्मुख अवस्थामा पुगेको पनि प्रतिवेदनले निष्कर्ष निकालेको छ । विभिन्न जातिले धार्मिक, सामाजिक संस्कार, जन्म, मृत्यु, विवाह, युद्ध, चाडपर्व, मेला, जात्रा, खेतीकिसानी जस्ता शुभ तथा अशुभ कार्यमा प्रयोग गर्दै आएका लोकबाजाहरू पछिल्लो समय पश्चिमा संस्कृतिको बढ्दो प्रभाव तथा व्यवसायिकता अभावका कारण लोपोन्मुख अवस्थामा पुगेका हुन् ।

अनुसन्धानमा बाजाको इतिहास, परिचय, ऐतिहासिक तथा सांस्कृतिक पक्ष, बाजा प्रयोग गर्ने जाति, समुदाय र बाजा पाइने क्षेत्रलाई समेत समेटिएको छ । बिहेबारी, छेवर, उँधौली उँभौली जस्ता शुभकार्यमा बजाइने पञ्चेबाजा र जातिगत लोकबाजाको प्रयोग निरन्तर भए पनि अन्य लोक बाजाको प्रयोग घट्दै गएको अनुसन्धाता मुकारूङले बताउनु भयो । उहाँको अनुसार सहरीकरण र आधुनिक बाजाको प्रभाव बढ्दै जानुले लोकबाजाका प्रयोग र बिक्रीवितरणमा मात्र कमी नआएर ती बाजा निर्माण गर्ने तथा बजाउन जान्ने परम्परागत सीप पनि विस्थापित हुँदै गएको छ । कतिपय लोकबाजा एक जातिले मात्र प्रयोग गर्ने विशिष्ट प्रकारका तथा कतिपय लोकबाजा एकभन्दा बढी जातिले साझा रूपमा पनि प्रयोग गर्छन् । यस अनुसन्धानबाट प्रदेश नं १ मा प्रचलनमा रहेका बाजाका सङ्ख्या, प्रकार, बाजा बजाइने भूगोल, समुदाय र बाजा बज्ने स्थान, समय, चाडपर्व, मौसमबारे समेत विस्तृत विवरण प्राप्त भएको छ ।

प्रतिवेदनमा लिम्बु, याक्खा, धिमाल, याम्फु, लोहोरूङ, मेवाहाङले साझा रूपमा प्रयोग गर्ने च्याब्रुङ, त्यसै गरी किराँत राई र सुनुवारले प्रयोग गर्ने ढोल, र पहाडी र हिमाली क्षेत्रमा बसोवास गर्ने समुदायले प्रयोग गर्ने टुङ्ना, बाँसुरी, मुर्चङ्गा, मुरली, बिनायो, मादल, झ्याम्टा आदि बाजाको अनुसन्धानलाई समेटिएको छ । त्यसै गरी दलित समुदायभित्रका दमाईंले बजाउँदै आएको पञ्चेबाजा, मगरगुरूङ र खासआर्यले प्रयोग गर्ने खैंजडी, तामाङको डम्फु र गन्धर्व जातिले बजाउने सारङ्गीलाई पनि समेटिएको छ ।




# वागमती प्रदेशका परम्परागत सङ्गीतको अध्ययन सम्पन्न

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले वागमती प्रदेशको परम्परागत सङ्गीतको अवस्थाको अध्ययन सम्पन्न गरेको छ । प्राचीनकालदेखि कला, संस्कृति, मूर्त-अमूर्त सम्पदा, प्राचीन साहित्य र सङ्गीतले सम्पन्न यस प्रदेशको परम्परागत सङ्गीतको वर्तमान अवस्थाबारे अनुसन्धाता डा. भक्त राई र गणेशराम प्रजापति (लाछी)ले अध्ययन गरेका हुन् । अध्येताहरूले यस प्रदेशको परम्परागत सङ्गीतको ऐतिहास पक्षको समेत चर्चा गर्दै वर्तमान अवस्थाबारे सविस्तार अभिलेख समेटिएको प्रतिवेदन पतिष्ठानसमक्ष प्रस्तुत गरेका छन् । प्रतिवेदनमा काठमाडौँ उपत्यकामा लिच्छवीकालमै पूर्वधार बनाएको सङ्गीत सभ्यताले मल्ल र आधुनिककालमा व्यापक विस्तार हुने अवसर पाए पनि पछिल्लो कालखण्डमा परम्परागत सङ्गीतले विभिन्न चुनौती समना गर्नु परेको उल्लेख छ । मल्लकालमै साहित्यप्रेमी विभिन्न मल्लराजा तथा संस्कृत र मैथिली भाषाका कविहरूबाट दाफा भजन र स्तुतिहरू लेखी गाउने परम्पराको मात्र शुरू भएन कृषि, ऋतु र हास्यव्यङ्गात्मक लोकगीतसँगै गीतिकथा समेत बडो मार्मिक ढङ्गले लयमा गाउने प्रचलन बस्यो । ऋतु, महिना, जात्रापर्व, चाडबाड अनुसार फरक-फरक लयमा गीत गाउने नेवार समुदायमा पहिले पहिले गीतका धून सुन्ने बितिकै श्रोताले आफू कुन महिनामा पुगेछु भन्ने सजिलै अनुमान लाउन सक्थ्यो । तर अहिले आएर यस्ता दैनिक, साप्ताहिक, पाक्षिक, महिना र चार-चार महिनामा विभिन्न समूहले गाउने दाफा भजन, धल्चा भजन, मृदङ्ग भजन, नगरा भजन, हारविन तबला भजनको अवस्था नाजुक बन्दै गएको छ । त्यतिमात्र होइन, फूर्सदमा पाटीपेटीमा बसी चर्खाबाट धागो काट्दै युवतीहरूले समूहमा गाउने 'फल्चा म्ये' 'वछु गली थ्वछु गली' र 'राजमती कुमती' जस्ता हजारौँको सङ्ख्यामा रहेका लोकगीत अहिले विस्थापित हुने अवस्थामा पुगेका छन् । त्यसै गरी धार्मिक नाच, पुजा, नृत्य, सङ्गीत र नाटक मञ्चनका लागि नेवार समुदायमा प्रयोग हुने डबलीसंस्कृति पनि विभिन्न कारणले कम प्रयोजन हुँदै आएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार नेवार समुदायमा मध्यकालमा परम्परागत सङ्गीतको विकासका लागि लायकू संस्थाको व्यवस्था गरी बाद्य टोलीलाई सयौँ रोपनी जग्गा दिने गरिएको थियो । र, त्यो संस्कृतिको निरन्तरताको पछिल्लो कडी गुठी थियो । भैरव नृत्य, देवीनृत्य, महाँकाली नृत्य देखाउने यस्ता वाद्यवादन टोलीले गर्दा नै नेवार समुदायको परम्परागत सङ्गीत समृद्ध बन्यो । नेवार समुदायको परम्परागत सङ्गीतमा मात्र ३६ भन्दा बढी ताल, राग र रागिनीहरू समावेश हुने पनि प्रतिवेदनको दाबी छ ।

प्रतिवेदन अनुसार नेवार समुदायले नाच्ने हरिसिद्धि नाच किरात कालभन्दा अघि नाच्न सुरू गरिएको नेपालकै सबैभन्दा पुरानो नाच हो । यसै गरी मल्ल राजा जगज्योति मल्लको पालादेखि संचालनमा आएको थिमीको भैरव नाच र गोकर्णको देवी नाच लिच्छवीकालीन हो । यी नाच बाहेक बागमती प्रदेशभित्र ४–५ जना देखि ३५ जनासम्म कलाकार रहेका थुप्रै धार्मिक र परम्परागत नाचटोली रहेको प्रतिवेदनम उल्लेख छ । जसमा साना-साना मुकुन्दो भएका र नभएका हनुमान नाच, नागचा नाच, सलचा नाच, बान्दर नाच, मयूर नाच र स्थानीय लोकनाचतर्फ धिन्तामैं, धिमय नाच, ज्यापु नाच, ताकतुके नाच, त्वाकचा नाच रहेका छन् । शास्त्रीय बज्रयान तान्त्रिक चर्या नृत्यमा हेबज्र तन्त्र, महाँकाल, चक्रासम्वर, महामञ्जु श्री,

पञ्चबुद्ध, कुमारी, भैरबकाली, रक्त गणेश, नाट्यश्वर आदि गरी ७९ थरिका नृत्य र गीत रहेका छन् ।

त्यसै गरी प्रतिवदेनले यस प्रदेशका १३ वटै जिल्लामा लाखे नाच नचाउने प्रचलन रहेको र अहिलेसम्म ३३० वटा टोली भेटिएको तथा परम्परागत मुकुन्दो नाचका ६८ टोली रहेको जानकारी पनि प्रस्तुत गरेको छ । हास्यव्यङ्ग्य नृत्य नाटिकामा कालासी भैल, लुसीनाच, फाकंदलि नाच, कपाय फेनेगु नाच, गाईचा नाच, बाथः नाच, हिलेनाच, ख्यालि नाच, संवादात्मक हास्यव्यङ्ग्य नाटक रहेको जानकारी पनि समेटिएको छ । अध्येताहरूका अनुसार नेवार समुदायमा परम्परागत सङ्गीत कमजोर हुँदै जानुमा परम्परागत नृत्यटोली, भजनमण्डली, जात्रापर्वसँग प्रत्यक्ष सम्बन्ध जोडिने परम्परागत गुठी संस्थालाई राज्यले भुमिसुधारको नाममा अधिकरण गर्नु, केही गुठीका टाठाबाठाले गुठीका जग्गा आ–आफ्ना नाममा नामसारी गरी नीजिकरण गर्नुलाई जिम्मेवार छ । साथै परम्परागत सङ्गीतको ह्रासमा विद्युतीय सञ्चारको प्रभाव र विदेशी संस्कृतिको प्रभाव पनि उत्तिकै दोषी रहेको छ । अध्येताहरूले वागमती प्रदेशका तामाङ जाति र खसआर्य समुदायका परम्परागत सङ्गीतबारे प्रतिवेदनभित्र बेग्लैबेग्लै खण्डमा आफ्नो अध्ययनलाई प्रस्तुत गरेका छन् । यस प्रदेशअन्तर्गत काठमाडौँ उपत्यकावरिपरि र मुख्य रूपमा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मकवानपुर, नुवाकोट, रसुवा, दोलखा, सिन्धुली जिल्लामा सघन बसोबास गर्ने यस जातिको परम्परागत सङ्गीतभित्र विभिन्न लोकबाजा, लोकगीत र नाचको विस्तृत चर्चा गरेका छन् । तामाङ जातिले परम्परागत रूपमा डम्फु, टुङ्ना, बिनायो, मुर्चुङ्गा र मादल बाजा बजाउने गरेको र यसमध्ये डम्फू बाजा तामाङ जातिको पुर्खा (म्हेमे) पेङदोर्जे आफैंले बनाएको उल्लेख छ । यसबाहेक तामाङ बोम्बो र लामाले ढयाङ्ग्रो, झ्याम्टा, ढोलक, झ्याली, डिल्बु, दोर्जे, ग्यालिङ, ल्हाफा, साङदुन, शङ्ख र डमरूलाई पनि बाजाको रूपमा प्रयोग गर्ने जानकारी दिइएको छ । यसै गरी तामाङ जातिका परम्परागत गीतमा पूजाकार्यमा गाइने छ्याङ्देल ह्वाआी, पेङ्लालाला ह्वाआी, डम्फुको उत्पत्तिको गीत डम्फू स्याङ्वाला ह्वाआी, पृथ्वीको उत्पत्ति र प्रलयको वर्णन गरिने साछ्या, नामछ्याला ह्वाआी, तीर्थधामको गीत नेला ह्वाआी, बुद्धचित मालाको वर्णन गरिएको बुद्धचिताला ह्वाआी, थाङ्काकला ह्वाआी र विभिन्न मनोरञ्जनका गीतहरू उल्लेख छ । प्रतिवेदनअनुसार तामाङ जातिले न्वारान, पास्नी, छेवर, विवाह आदि संस्कारमा कर्मकाण्डसम्बन्धी तामाङ ह्वाआी गाउँदछन् भने अरू बेला गाउने गीतहरूलाई फापरे ह्वाआी भन्दछन् । त्यसै गरी विवाहमा हुने ताम्बाको वर्णनलाई ताम्बा काआीतेन ह्वाआी र विवाहसम्बन्धी गीतलाई ह्रामा भन्दछन् । ठिटा–ठिटीले हाँसखेल, ठट्टा, रमाइलो गरी नाच्ने दोहोरी गीत चोम्लु, उपदेश गीत छ्याङ्लु, ठाउँमाग्ने गीत दोरा तथा र म्हेन्दोमाया गीत, नानी सुताउने लोरी गीत, तान बुन्दा गाइने गीत प्रचलनमा रहेको सविस्तार उल्लेख गरिएको छ ।

प्रतिवेदनमा वागमती प्रदेशमा उत्तिकै सघन बसोवास गर्ने क्षेत्री र ब्राह्मण समुदायको परम्परागत सङ्गीतलाई मष्टो सभ्यता र हिन्दू धर्मअन्तर्गत् राखेर चर्चा गर्ने प्रयास गरिएको छ । क्षेत्री जातिलाई मष्टो सभ्यतामा समेट्दै मष्टो सङ्ख्या १२ र भवानीको सङ्ख्या ९ बहिनी हुने मान्यता र विश्वासअनुसार कर्णाली क्षेत्रमा प्रचलित किंवदन्ती, फाग, मागल, सगुन, चैत आदि लोकगीत नै यस जातिको परम्परागत सङ्गीत रहेको उल्लेख छ । त्यसै गरी ब्राह्मण समुदायको परमपरागत सङ्गीतका रूपमा यस समुदायले दशैं तिहार, बालाचतुर्दशी, मकरसङ्क्रान्ति, श्रीपञ्चमी, महाशिवरात्री, फागुपूर्णिमा, रामनवनी, मातृऔंसी, परशुराम जयन्ती, सीता जयन्ती, हनुमान जयन्ती, अक्षयतृतीया गङ्गा दशहरा, गुरुपूर्णिमा, जनैपूर्णिमा, तीज, कृष्णाष्टमी आदि चाडपर्वमा विभिन्न देवीदेवता, मिथकीय पात्रको उपासनामा गाउने भजनकिर्तन, लोकगाथा र नृत्यलाई सङ्केत गरेका छन् । वागमती प्रदेशमा



बसोबास गर्ने क्षेत्री र ब्राह्मण समुदायमा भजन, बालन, तिजे गीत, रोपाइँ गीत आदि साझा रूपमा प्रचलनमा रहेको पनि अध्येताहरूले उल्लेख गरेका छन् ।

प्रतिवेदनले मठ, मन्दिर, देवालय, शिवालय, धर्मशाला, स्तुप, विहार आदि मूर्त संस्कृतिलाई संरक्षणार्थ विभिन्न योजना र नीतिहरू ल्याइएता पनि जात्रा, चाडपर्व, कर्मकाण्ड, नाचगान, सङ्गीत जस्ता अमूर्त संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न कुनै ठोस काम हुन नसक्दा यस प्रदेशको परम्परात सङ्गीत सङ्कट उन्मुख रहेको निष्कर्ष समेत निकालेको छ ।

# कोइँच सुनुवार समुदायका प्रचलित लोकनाट्यको अध्ययन



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले कोइँच सुनुवार समुदायको लोकनाट्यको स्थितिको अध्ययन सम्पन्न गरेको छ । नेपालको लिखु, तामाकोशी, सुनकोशी नदीवरिपरि भूभागमा मुख्य बसोवास गर्ने यस समुदायको लोकनाट्यको स्थितिबारे संस्कृतिकर्मी उत्तमकुमार सुनुवारले अध्ययन गर्नु भएको हो ।

किरात समूह अन्तर्गत पर्ने यस समुदायको किरात पूर्खा तथा प्रकृतिपूजा र मुक्दुम दर्शनमा आधारित आनै विशिष्ट संस्कृति, भाषा, कला, साहित्यको परम्परा रहेको छ । अध्येता सुनवारले कोइँच सुनुवार समुदायमा प्रचलित लोक नाटकहरू पछिल्लो समय बिस्तारै हराउँदै गएको निष्कर्ष निकाल्नु भएको छ । कोइँचहरूको पुर्ख्यौली कथा तथा परम्परा सँगसँगै कोइँच लोकनाटकको इतिहासको प्रारम्भ भएको दाबी गर्दै अध्येता सुनुवारले २४ वटा लोकनाटकको मूलपाठ सहितको अध्ययनप्रतिवेदन प्रतिष्ठानमा बुझाउनु भएको छ । जसअन्तर्गत कोइँचको जन्म, विवाह, मृत्यु संस्कारमा गरिने नेया चो:चा, हरेरागि हिर्चा, चाँ:प्ले:चा, बुल्नु था:चा, हुग्रो सुचा, तोर्म पुल लोकनाटक रहेका छन् । यी नाटकले कोइँच संस्कारमा नाम किन दिने, विवाह किन गर्ने, मृत्यु किन हुन्छ, मृत्युपछिको मानिसको अवस्था के हुन्छ र कहाँ बास राख्ने जस्ता कुराको वर्णन गर्दछन् । त्यसै गरी संयुक्त परिवारबाट सानो परिवारमा छुट्टिने परम्पराको थालनी भएको जाइलामे लोकनाटक, कोइँच इतिहाससँग सम्बन्धित काइशिसिल तथा सामूहिक प्रकृति तथा पितृपूजा शाँदार पिदारसँग सम्बन्धित बुल्फे, रागा दोचा, भालेपोथी ग्लुम्चा र मेवाल सोइच्चा यस समुदायमा प्रचलित लोकनाटक

## तीन समुदायको लोपोन्मुख मौलिक भाका अभिलेखीकरण सम्पन्न



**काठमाडौं** । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा- प्रतिष्ठानले तीन समुदायको लोपोन्मुख मौलिक भाकाहरूको अभिलेखीकरण गरेको छ । प्रतिष्ठानको सङ्गीत विभागले वालुङ, थारू र सौका समुदायका प्रचलित तर लोपोन्मुख भाका अभिलेखीकरण गरेको हो । ती भाकाहरू स्थलगत अध्ययन अनुसन्धानका साथ सङ्कलन गरी रेकर्डिङ गरिएको सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोक राईले बताउनुभयो ।

प्राज्ञ राईले उल्लेखित तीन समुदायका तीन-तीनवटा भाका र सङ्क्षिप्त परिचय सहितको वृत्तचित्र समेत तयार गरिएको छ । वृत्तचित्रका लागि विभिन्न विज्ञले

हुन् ।

घरमा विभिन्न पितृ र परामात्माको आह्वानमा पूजाआराधनामा गरिने कलपीप, मेसेल्मि, बासुहोपो र साइबाम्बु, सु–स्वास्थ तथा समृद्धिको लागि प्रदर्शन गरिने हिवा, शुत/खात/ग्लाङ्ता र खड्को लोकनाटक पनि यस समुदायले अनुष्ठानिक रूपमा अङ्गीकार गर्दै आएका छन् । लोकनाटक हुइरिङ र चुचुफुँफैमार्फत् बालबालिकाले आ–आनो जीवनशैलीलाई नक्कल गरेर कथा भन्छन् भने गाइँदा सारा, गाइँदा चिम्चा, खाला हिर्तेकमा कृषि उत्पादनले फसल राम्रो दिओस भनेर वातावरणसँग अनुकुल मौसमको कामना गर्ने गरिन्छ । त्यसै गरी यस समुदायमा आगोको स्रोतको जोहो गर्दा रमाइलो गर्दै शुभलाभको लागि 'होहोरी हो हो' आराधना गर्ने लोकनाटक पनि प्रचलनमा रहेको छ । अध्येता सुनवारद्वारा प्रतिवेदनमा दर्शकलाई देखाएर रमाइलो गर्ने भन्दा पनि संस्कार संस्कृतिलाई अक्षुण्ण राख्न र इतिहास पुस्तान्तर गर्ने क्रममा कोइँच लोकनाट्य परम्परा विकसित भएको उल्लेख छ । प्रायः कोइँच लोकनाटक एकाङ्की नै हुने गरे पनि मेसेल्मी, काइँशि, हुग्रोसुचा, हारेरागि हिर्चा, साइबम्बु, जाइलामे आदि पूर्णाङ्की लोकनाटक रहेको पनि उल्लेख छ ।



# थारू लोकनाटकको अध्ययन

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले थारू लोकनाटकको अध्ययन गरेको छ । नेपालको तराई क्षेत्रमा पश्चिमदेखि पूर्वसम्म उल्लेख्य बसोवास रहेको थारू जातिका विभिन्न लोकनाटकहरू विभिन्न कारणले लोपोन्मुख अवस्थामा पुगेको अध्ययनले देखाएको छ । थारू लोकनाटकको पहिचान गर्ने, थारू लोकनाटकमा रहेका ऐतिहासिकता, दार्शनिकता, कथावस्तु, विधिविधान, सामाजिक र सांस्कृतिक मूल्यको विवेचना गर्ने उद्देश्यले अध्ययन गरिएको प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले बताउनुभयो । सुशील चौधरीले गर्नु भएको अध्ययनको सङ्क्षिप्त प्रतिवेदनअनुसार थारू जातिमा बर्का नाच (लोकमहाभारत काव्यमा आधारित) गैया बेहर्ना (गाई चोर्ने), माघा लोट्ना (भ्यागुताको अभिनय गर्दै वर्षाका देवता इन्द्रलाई खुशी पार्ने) सोरठी बिर्जाभार (बीरगाथा), हिट्वा, रामभुम्रा (रामायण कथा प्रस्तुति) कठघोरी नाच (काठको घोडामा नाच्दै कथावाचन), रामलिला रामायण कहानी प्रस्तुति), सामा चकेवा (सामा र चखेवाको प्रेमकथा), लगायतका प्रचलित लोकनाटक रहेका छन् । यी लोनाटकमा थारू लोक दर्शन, कला र संस्कृतिको सम्मिश्रण भएर रहेको छ । प्रतिवेदनमा दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेत क्षेत्रका थारू जातिमा प्रचलित हिट्वा थारू लोकनाटकको पाठलाई समेत प्रस्तुत गरिएको छ । प्रतिवेदनमा बर्का नाच, रामझुमा र कठघोरी नाचको अहिले पनि प्रदर्शन भइरहे पनि अन्य लोकनाटक हराउँदै गएको उल्लेख छ ।

सङ्क्षिप्त रूपमा सम्बन्धित जातिको परिचय परिचय तथा लोकभाका अध्ययनअनुसन्धान सहजीकरण गर्नु भएको थियो । प्रदेश नं. १ अन्गर्तत ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिकाको ओलाङचुङ गोलामा मुख्य बसोवास गर्ने वालुङ जातिबारे संस्कृतिजानकार लोजक रूइत लामा र राजेश्वर थापा, लुम्बिनी प्रदेशअन्तर्गत दाङ जिल्लाका थारू जातिका लागि कुलवीर चौधरी र संस्कृतिविद् डा. गोविन्द आचार्य तथा सुदूर पश्चिम प्रदेशको दार्चुला जिल्लामा बसोबास गर्ने सौका समुदायका लागि प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञसभा सदस्य चाँदनी मल्ल अध्ययन अनुसन्धानका लागि खटिनु भएको थियो । प्राज्ञ राईका अनुसार वालुङ जातिको घरपैँचो सर्दा, विवाह र रमाइलो उत्सवमा गाउने फरक-फरक भाका र दाङ जिल्लाको घोराही र शान्ति नगर गाउँपालिकाबाट थारु समुदायले दसैँका अवसरमा गाउने थरपैँया, माघे सङ्क्रान्तिको अघिल्लो रात गाउने ढङरू र विभिन्न भेटघाट तथा विशेष अवसरहरूमा गाउने हुरडुङ्या भाकाहरू स्थलगत अध्ययन, अनुसन्धान र सङ्कलन गरी अभिलेखीकरण गरिएको छ । यस्तै नेपाल, भारत र चीनको त्रिदेशीय सीमा क्षेत्रमा पर्ने दार्चुलाको व्याँस र अपिहिमाल गाउँपालिकामा मात्र बसोबास गर्ने लोपोन्मुख सौका समुदायको तीन ओटा लोकभाकालाई पनि अभिलेखीकरण गरिएको छ । व्यवसायिकताको अभाव तथा पुराना पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा लोपोन्मुख अवस्थामा पुगेका भाकाहरू प्रतिष्ठानको यस्तो अभिलेखीकरण कार्यले संरक्षणमा टेवा पुग्ने प्राज्ञ राईको दाबी छ ।

# अग्रज सङ्गीतकर्मी मेनकाजी गुरूङको अन्तर्वार्ता छायाङ्कन

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले मिति २०७७ साल पौष २३ गते अग्रज सङ्गीतकर्मी मेनकाजी गुरूङको अन्तर्वार्ता छायाङ्कन गरेको छ । पोखरालाई कर्मथलो बनाएर लोकसङ्गीत, नृत्य निर्देशन र अभिनय क्षेत्रमा पनि उल्लेख्य योगदान पुऱ्याएका गुरूङको समग्र व्यक्तित्व झल्किने गरी प्रतिष्ठानको लोकसङ्गीत विभागद्वारा उक्त छायाङ्कन गरिएको हो । छायाङ्कनका क्रममा उहाँसँग अन्तरङ्ग कुराकानी गर्दै वरिष्ठ रङ्गकर्मी तथा रेडियोकर्मी ज्ञान थापाले उहाँको सांस्कृतिक पक्षका विभिन्न आयामहरूलाई खुलाउने प्रयास गर्नु भएको छ । साथै गुरूङले नेपाली लोककला, लोकसंस्कृतिको जगेर्ना, संरक्षणको क्षेत्रमा खेल्नु भएको विविध



भूमिकाहरूको बारेमा समेत चर्चा गर्नु भएको छ । प्रतिष्ठानका लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाको सक्रियतामा छायाङ्कन कार्यक्रम कलाकार गुरूङकै निवासमा भएको हो । प्राज्ञ कोइरालाले उक्त श्रव्यदृश्य सामग्री प्रतिष्ठानको अकाईभमा सङ्ग्रहित हुने पनि बताउनु भयो ।

# होमस्टेमा कौरा र कविता




तनहुँ । गण्डकी प्रदेश अन्तर्गत तनहुँ जिल्लाको भिमाद नगरपालिका स्थित पाथर्दी होमस्टेमा कौरा नृत्य प्रस्तुति र कवि सम्मेलन सम्पन्न भयो । शुक्ला साहित्य सङ्गम तनहुँले पर्यटन प्रवर्द्धनका लागि २०७७ चैत्र ६ र ७ गते यी कार्यक्रमको आयोजना गरेको हो ।

यसअन्तर्गत पहिलो दिन चैत्र ६ गते शुक्रबार स्थानीयवासीको तर्फबाट भएको कौरा नृत्य प्रस्तुति कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञपरिषद् सदस्य नमुना शर्माले प्रमुखअतिथिको रूपमा सहभागी हुनुभयो । उहाँले स्थानीयद्वारा प्रस्तुत कौरा नृत्यको प्रशंसा गर्दै यसरी लोकजीवनसँग गाँसिएका संस्कृतिको संरक्षण गर्नुपर्ने औँल्याउनुभयो । तनहुँ जिल्ला कौरा नृत्यको उद्गमस्थल भएको र यहाँ धेरै लोकनृत्यले यस जिल्लाई समृद्ध बनाएको भन्दै यस नृत्यलाई अझै परिष्कार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रस्तुत गर्न सके पर्यटन प्रवर्द्धनमा यसले झनै ठूलो भूमिका खेल्ने बताउनु भयो । प्राज्ञ शर्माले यस्ता मौलिक नृत्यको संरक्षण र विस्तारमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान प्रतिबद्ध रहेको पनि दोहोऱ्याउनु भयो ।

दोस्रो दिन चैत्र ७ गते आयोजित राष्ट्रिय कवि सम्मेलनमा पनि प्राज्ञ शर्माले विशिष्ट अतिथिका रूपमा सहभागिता जनाउनु थियो । उहाँले कौरा गीत र होमस्टेसम्बन्धी कविता पनि सुनाउनुभयो । कवि सम्मेलनमा नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य देवी नेपालले प्रमुखअतिथि हुनुहुन्थ्यो । प्राज्ञ नेपालले नयाँ पुस्तामा सांस्कृतिक चेत भर्नुपर्नेमा जोड दिनु हुँदै साहित्यले तुरुन्तै प्रतिफल नदिए पनि संस्कृतिलाई युगौँ जीवित राख्ने विचार व्यक्त गर्नुभयो । भिमाद नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष इमानसिंह थापाले साहित्य र नृत्यको माध्यमबाट पनि पर्यटनलाई प्रवर्द्धन गर्न सकिने कुरा नगरपरिषद्लाई बुझाउन आफूले निकै कसरत गर्नु परेको अनुभव सुनाउनु भएको थियो । शुक्ला साहित्य सङ्गमका अध्यक्ष वेणुप्रसाद खतिवडाको सभापतित्व, सचिव सरस्वती सिग्देलको सञ्चालनमा भएको कवि गोष्ठीमा विभिन्न जिल्लाबाट आएका कविहरूले रचनाहरू पाठ गर्नु भएको थियो ।

# कर्मचारी सङ्घको सिर्जनात्मक कार्यक्रम



काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घले 'सिर्जनात्मक कार्यक्रम २०७८' सम्पन्न गरेको छ । सङ्घले आफ्नो स्थापना दिवसको अवसर पारेर यही मिति २०७८ साल असार २४ गते प्रतिष्ठानको परिसर, बालुवाटारमा यस्तो कार्यक्रमको आयोजना गरेको हो ।

उक्त अवसरमा प्रतिष्ठानका पदाधिकारी र कर्मचारीहरूले कविता, गजल र गीतहरू प्रस्तुत गर्नु भएको थियो । प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) प्रमुख अतिथि रहनु भएको उक्त कार्यक्रममा प्राज्ञपरिषद् सदस्य मेघराज शर्मा (मञ्जुल)ले 'गाउँको गोरेटो' शिर्षकको कविता वाचन गर्नु भएको थियो भने प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले असारे गीत गाउनु भएको थियो । यसै गरी सङ्घका सल्लाहाकार शाखा अधिकृत ध्रुव वाग्लेले गजल र कर्मचारी सनमान चेम्जोङले गीत सुनाउनु भएको थियो ।

प्रमुख अतिथि कुलपति रायनले सङ्घलाई स्थापना दिवसको शुभकामना दिनु हुँदै कर्मचारीको कुनै समस्या भए त्यसको समाधानका लागि कर्मचारी र पदाधिकारी मिलेर अघि बढ्ने प्रतिबद्धता जनाउनु भएको थियो । सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले कर्मचारीका विभिन्न मागप्रति पदाधिकारीको ध्यानाकर्षण गर्दै प्रतिष्ठानस्तरीय बृहत् कार्यक्रम आयोजना गर्ने योजना भए पनि कोभिडका कारण सङ्क्षिप्त भए पनि सिर्जनात्मक कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रममा विशिष्ट अतिथि प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा र निमित्त सदस्य सचिव अशोककुमार राईले सङ्घलाई स्थापना दिवसको अवसरमा शुभकामना मन्तव्य दिनु भएको भएको थियो । कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू निशा शर्मा पोखरेल, नमुना शर्मा, सङ्घका सल्लाहाकार शाखाअधिकृत प्रदीपकुमार गुरागाईं, दीपक बोहरा र प्रवीण सापकोटाको पनि उपस्थिति रहेको थियो ।

सङ्घका सदस्य नेत्र भुजेलले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमलाई सङ्घका सचिव जगदीश सापकोटाले सञ्चालन गर्नु भएको थियो ।

# प्रतिष्ठानकर्मी गुरागाईं र बोहरा नेपाल सरकारबाट विभूषित

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठानका लेखा प्रमुख प्रदीपकुमार गुरागाईं र प्रशासन अधिकृत दीपक बोहरा नेपाल सरकारद्वारा प्रबल जनसेवाश्री (चतुर्थ)बाट विभूषित हुनु भएको छ । संविधान दिवसको अवसर पारेर सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट मन्त्रीपरिषद्को सिफारिसमा लेखा प्रमुख गुरागाईं २०७६ सालका लागि र प्रशासन अधिकृत बोहरा ०७७ सालका लागि यस प्रबल जनसेवाश्री (चतुर्थ)बाट विभूषित हुनु भएको हो ।






स्मरण रहोस्, नेपाल सरकारले संविधान दिवस असोज ३ गतेलाई अवसर पारेर प्रत्येक वर्ष राजनीतिक, सामाजिक, आर्थिक, शान्ति सुरक्षा र प्रशासन, शिक्षा, स्वास्थ्य, सूचना, सञ्चार, विज्ञान, प्रविधि, अन्वेषण, अनुसन्धान, खेलकुद र राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिलाई विभिन्न विभूषण प्रदान गर्ने गर्दछ ।

# प्रतिष्ठानकर्मी राउत सम्मानित



काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा कार्यरत कर्मचारी सुरेशकुमार राउत 'बेस्ट एडिटर अफ् द इयर' एवार्डले सम्मानित हुनु भएको छ । लामो समयदेखि भिडियो सम्पादनमा क्रियाशील राउतलाई नेपाल फस्ट इन्क्लुसिभ म्युजिक एवार्ड (निम)ले यही मिति २०७७ साल चैत्र २६ गते काठमाडौँस्थित साउथ वेष्टर्न कलेज, बसुन्धरा काठमाडौंमा सम्मानित गरिएको हो । उक्त अवसरमा एवार्ड वितरण समारोहमा प्रमुखअतिथि पूर्व उपराष्ट्रपति परमानन्द झाबाट भिडियो एडिटर राउतसँगै अन्य फिल्मकर्मी पनि विभिन्न एवार्डले सम्मानित भएका थिए । दृश्यसम्पादन विषयमा ओस्कार कलेजबाट स्नातकोत्तर राउतले चार सय हाराहारीमा म्युजिकभिडियो तथा डकुमेन्ट्री र टेलीचलचित्रहरू सम्पादन गर्नु भएको छ । प्रतिष्ठानमा दृश्य सम्पादकका रूपमा कार्यरत उहाँ यसअघि पनि विभिन्न एवार्डबाट सम्मानित भइसक्नु भएको छ ।

# रहेनन् मखमली स्वरका धनी प्रेमध्वज प्रधान

काठमाडौँ । 'मखमली' स्वरका धनी भनी सुपरिचित वरिष्ठ गायक प्रेमध्वज प्रधानको यही मिति २०७८ जेठ २३ गते बिहीबार निधन भयो । छातीमा समस्या देखिएपछि सुन्धारास्थित काठमाडौँ न्यूरो हस्पिटलमा उपचारका क्रममा उहाँको निधन भएको हो ।

उहाँको जन्म १९९४ साल असारमा सिन्धुपाल्चोक जिल्लाको चौतारामा भएको थियो । बुबा रत्नध्वज प्रधान र आमा प्राणदेवी प्रधानको कोखबाट जन्मिएका उहाँको घरमा साङ्गीतिक माहोल थियो । उहाँको जिजुबाजे नारायणकृष्ण प्रधान र बाजे उत्तरध्वज प्रधान शास्त्रीय सङ्गीतमा गहिरो रूचि राख्नुहुन्थ्यो । २००९ सालमा रेडियो नेपालमा स्वर परीक्षा पास गर्नु भएका प्रधानले आफ्नो साङ्गीतिक जीवनमा सयभन्दा बढी नेवारी, हजारभन्दा बढी नेपाली र तीस वटा जति भजन गीत गाए ।

अर्को वरिष्ठ गायक माणिकरत्न स्थापितसँग प्रधानले २०१६ देखि २०२२ सालसम्म 'प्रेम-माणिक' नाममा साङ्गीतिक जोडी जोडेर पनि सङ्गीत क्षेत्रमा सक्रियता जनाउनु भएको थियो । २०१६ सालमा 'प्रेम-माणिक'कै सङ्गीतमा स्वरसम्राट नारायण गोपालको पहिलो गीत 'आँखाको भाका आँखैले...' बोलको गीत रेकर्ड भएको थियो ।

मखमली स्वरका गायक भनेर चिनिने प्रधानका पर लैजाउ फुलहरू, घुम्तीमा नआऊ है, यो नेपाली शिर उचाली, गोरेटो त्यो गाउँको, माया नमार मायालु,



हास्ने रहरहरू आशुमा डुबे, नमान लाज यस्तरी...लगायत थुप्रै गीतहरू सदाबहार लोकप्रिय रहेका छन् ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नेपाली आधुनिक सङ्गीतका शिखर गायक प्रधानको असामयिक निधनले दुखित तुल्याएको भन्दै उहाँका मखमली आवाज नेपाली सङ्गीतप्रेमीका मन-मस्तिष्कमा सधैँ गुञ्जिरहने छ भन्दै श्रद्धाञ्जली चढाएको छ । गायनसँगै सङ्गीत सृजनामा पनि उत्तिकै प्रखर प्रधानलाई २०७५ सालमा प्रतिष्ठानद्वारा नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय पुरस्कारले सम्मानित गरिएको थियो ।

यसरी नै प्रतिष्ठानले मिति २०७८ साल असार २० गते नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ समर्पण गर्न आयोजित कार्यक्रममा कोभिड-१९ कारण र असामायिक निधन भएका सबै कलाकारको स्मृतिमा एक मिनेट मौनधारण गरी एकमुष्ट रूपमा श्रद्धाञ्जली समेत व्यक्त गऱ्यो ।

# वरिष्ठ नाट्यकर्मी श्यामदास वैष्णवको निधन

वरिष्ठ नाट्यकर्मी तथा लेखक श्यामदास वैष्णवको यही मिति २०७८ साल वैशाख ३ गते शुक्रबार काठमाडौँस्थित आनै निवास ज्ञानेश्वरमा निधन भयो । १९८१ साउन ५ गते जन्मिएका वैष्णव तीन वर्षयता हिँडडुल गर्न नसकेर घरमै आराम गरिरहनु भएको थियो ।

वैष्णवका लघुनाटक, गीतिनाटक र कवितासङ्ग्रह गरी ७ वटा कृति प्रकाशित छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाका प्रिय चेलाका रूपमा परिचित उहाँले नै देवकोटाका कृति प्रेसमा जानुअघि साफी गरिदिनुहुन्थ्यो । उहाँले हाम्रो संस्कृति, माधुर्य, झङ्कार आदि पत्रिका पनि सम्पादन गर्नु भएको थियो । नाट्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले २०७५ सालमा उहाँलाई



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कारले सम्मानित गरेको थियो ।

## कोरोनासँग हारे संस्कृतिविद् मोतीलाल पराजुली



लोकसंस्कृतिविद् प्रा डा मोतीलाल पराजुलीको कोरोनाका कारण ६५ वर्षको उमेरमा ज्येष्ठ २६ गते निधन भयो । कास्की जिल्लाको चापाकोटमा जन्मेर नेपाली भाषासाहित्य तथा लोकसाहित्यको अध्यन-अनुसन्धान तथा प्राध्यापन गर्दै आएका उहाँका नेपाली लोकसाहित्यसम्बन्धी थुप्रै कृति प्रकाशित छन् । यस प्रतिष्ठानद्वारा २०७३ सालमा गरिएको प्रादेशिक अनुसन्धानअन्तर्गत गण्डकी प्रदेशका प्रदर्शनकारी कलाको मुख्य अनुसन्धानकर्ता पराजुली नै हुनुहुन्थ्यो । उक्त अनुसन्धान प्रतिवेदन 'नेपालका प्रदर्शनकारी कला : प्रादेशिक अनुसन्धान, प्रदेश नं. ४' का नामले पुस्तकका रूपमा प्रकाशित समेत छ । उहाँका अन्य प्रकाशित पुस्तकमा नेपाली लोकगाथा (२०४९), नेपाली रचना कला (२०५३), धर्मात्मा राजा (२०५८), नेपाली लोकनाटक : सिद्धान्त र विवेचना (२०६१), सोरठी नृत्यनाटिका सैद्धान्तिक अध्ययन (२०६३), नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरु (२०६३) लगायत रहेका छन् ।

## संस्कृतिकर्मी मेनकाजी गुरूङको निधन



हिमाली सांस्कृतिक परिवार, पोखराका अध्यक्ष तथा वरिष्ठ संस्कृतिकर्मी मेनकाजी गुरूङको ५८ वर्षको उमेरमा यही जेठ १८ गते पोखरामा कोरोनाका कारण निधन भयो । कास्कीको सिक्लेसमा जन्मेर पोखरालाई तीसको दसकदेखि कर्मथलो बनाउनु भएका गुरूङले डाँफे कला मन्दिरबाट आफ्नो कलाकारिता शुरू गर्नु भएको थियो । लोकसङ्गीत, नृत्य निर्देशन र अभिनय क्षेत्रमा निरन्तर सक्रिय गुरूङले आफ्नो अगुवाइमा २०५३ सालमा हिमाली सांस्कृतिक परिवारको स्थापना गर्नुभयो । मूलतः कुशल नृत्य प्रशिक्षकका रूपमा चिनिने गुरूङ लोकसंस्कृति र समाजसेवाका अभियन्ता समेत हुनुहुन्थ्यो । पछिल्लो समय सांस्कृतिक फाँटमा पोखरालाई नेतृत्व दिन अग्रसर गुरूङको जीवनीलाई समेटेर यस प्रतिष्ठानले यसै वर्ष मात्र एक श्रव्यदृश्य सामग्री छायाङ्कन गरेको छ ।

## बिदा भए गीतकार भैरवनाथ रिमाल



वरिष्ठ गीतकार भैरवनाथ रिमाल 'कदम' को २०७७ पौष २५ गते, शनिबारका दिन निधन भयो । १९९३ माघ २० गते ठमेलमा जन्मनु भएका रिमाल अग्रज गीतकारका रुपमा चर्चित हुनुहुन्थ्यो । उहाँको लेखन र नारायण गोपालको सङ्गीत तथा स्वरमा रहेको 'जुन फूल मैले चाहेको थिएँ', त्यसै गरी नारायण गोपालकै सङ्गीत र अरूणा लामाको स्वरमा रहेको ' उदास मेरो जीवन कथा', शुभबहादुर सुनामको सङ्गीत र दीप श्रेष्ठको स्वरमा रहेको 'हुँ यात्री...' नारायण गोपालको सङ्गीत र फत्तेमानको स्वरमा रहेको 'जिन्दगीको पानाभरि सुख भेटिँदैन', लगायत दर्जनौँ गीत सदाबहार रहेका छन् ।

## रहेनन् 'बेनीको बजार...' लोकगीतका सर्जक



म्याग्दीको सदरमुकाम बेनी बजारलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा चिनाउने लोकगीत 'बेनीको बजार, जता माया उतै छ नजर, किरेमिरे जालेरूमाल' बोलको गीतका सर्जक टीकाबहादुर श्रेष्ठको यही मिति २०७७ चैत १२ गते बिहीबार बुटवलमा निधन भयो । जन्मथलो म्याग्दीबाट बसाइँ सरी रुपन्देहीमा बसोवास गर्दै आउनु भएका उहाँ ७५ वर्षको हुनुहुन्थ्यो ।

२०३१ सालमा रेडियो नेपालमा श्रीमती मन छन्त्यालसँग उहाँले 'बेनीको बजार..' लोकगीतलाई रेकर्ड गरेपछि विश्वभरका नेपालीमाझ चर्चामा आएको थियो । विसं २०१९ साल फागुन ७ गते प्रजातन्त्र दिवसका दिन काठमाडौँको राष्ट्रिय नाचघरमा पहिलो पटक श्रेष्ठले यो गीत गाउनु भएको थियो । उहाँ लामो समयदेखि मृगौलासम्बन्धी रोगले ग्रसित हुनुहुनथ्यो ।

## वरिष्ठ सङ्गीतसाधक गणेश परियारको निधन



वरिष्ठ सङ्गीतसाधक गणेश परियारको यही मिति २०७७ माघ ४ गते आइतबार निधन भयो । सङ्गीतकार, सङ्गीत संयोजक तथा प्रसिद्ध भ्वाइलिनवादकका रूपमा परिचित परियारले दर्जनौं आधुनिक गीतमा सङ्गीत भर्नु भएको छ भने सयौं गीतका लागि भ्वाइलिनवादन गर्नु भएको छ । २०२४ सालदेखि रेडियो नेपालमा जागिर सुरु गर्नु भएको उहाँले रेडियो नेपालमा रेकर्ड भएका हजारौं लोकगीतको सङ्गीत संयोजन गर्नुभयो । तत्कालीन शाही नेपाली सेनामा पनि सङ्गीत फाँटमा काम गर्नु भएको उहाँ सेक्सोफोन र गिटार बजाउन तथा लय तथा शब्द सङ्कलनमा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो ।

## अस्ताइन् गायिका लासमित लेप्चा राई



कोरोनाकै कारण वरिष्ठ गायिका लासमित लेप्चा राईको पनि जेठ १५ गते काठमाडौँमा अल्पायुमै निधन भयो । दार्जीलिङमा जन्मिनु भएकी राईले नेपाललाई सङ्गीत र शिक्षण क्षेत्रका लागि कर्मथलो बनाउनु भएको थियो । मूलतः पचासको दसकमा नेपाली चलचित्रको पार्श्व गायनमा अत्यन्त चर्चित राईको 'सुनकोशीको सङ्लो पानी', 'किन मैले तिमीजस्तो', 'नआऊ सपनाभरि', 'तिमीले दिएका वेदना', 'टुटेका मन', 'सधैँभरि', 'साउने भेलले...' आदि गीत लोकप्रिय छन् ।

## रहेनन् वरिष्ठ स्रष्टा चेतन कार्की



वरिष्ठ गीतकार, साहित्यकार तथा चलचित्र निर्देशक चेतन कार्कीको कोरोनाकै कारण ८३ वर्षको उमेरमा जेठ २ गते काठमाडौंमा निधन भयो । वि.सं. १९९५ मा स्याङ्जामा जन्मिनु भएका कार्की नेपाली फिल्म र कलाको इतिहासका ज्ञाताका रुपमा चिनिनु हुन्थ्यो । नेपाली फिल्म क्षेत्रका पहिलो पटकथा लेखक समेत रहनु भएका कार्कीले लेख्नु भएका 'तीजको लहर आयो बरिलै', 'कान्छी हे कान्छी, 'यी ओठ तिम्रो, 'फैनीको दया छ भने' गीत लोकप्रिय छन् भने 'विश्वास', 'भुमरी' र 'पहिलो प्रेम' उहाँले निर्देशन गर्नु भएका चलचित्र हुन् ।

## वरिष्ठ सरोदवादक मोहनसुन्दर श्रेष्ठको निधन



नेपालका प्रसिद्ध सरोदवादक मोहनसुन्दर श्रेष्ठको ८० वर्षको उमेरमा यही मिति २०७७ फागुन २४ गते सोमबार काठमाडौंमा आज निधन भयो । काठमाडौं, नरदेवीका स्थायी बासिन्दा श्रेष्ठले वरिष्ठ सितार तथा सरोदवादक नारायणप्रसाद श्रेष्ठसँगको सान्निध्यमा १२ वर्षको उमेरदेखि सरोद बजाउन थालु भएको थियो । पछि उहाँ राष्ट्रिय नाचघर, रेडियो नेपाल, राजदरबार र दरबारमार्गस्थित होटल अन्नपूर्णमा लामो समयसम्म सरोदवादनमा अनुबन्धित हुनुहुन्थ्यो । दृष्टिविहीन उहाँ 'सरोद नै मेरो आँखा हो', भन्ने गर्नुहुन्थ्यो । उहाँले बजाउनु भएका सरोद धुन समेटिएका 'फेमरेट' र 'फेमरेट-२' एल्बम प्रकाशित छन् ।

## वरिष्ठ सङ्गीतकार विनय वर्मा पनि बिदा भए



त्यसै गरी वरिष्ठ सङ्गीतकार, गायक, तथा शास्त्रीय सङ्गीतका गुरु विनय वर्माको पनि असार ३ गते बिहीबार कोरोनाकै कारण निधन भयो । नेपाली आधुनिक तथा भक्ति सङ्गीतमा विशेष योगदान पुऱ्याउनु भएका वर्माले काठमाडौंको कपनमा 'कपन सङ्गीत सरोवर नामको संस्थामा आबद्ध भई १३ वर्षदेखि नियमित शास्त्रीय तथा भक्ति सङ्गीत कार्यक्रम सञ्चालन गर्दै आउनु भएको थियो ।

## लोकगायक रतन बानियाँ रहेनन्



लोकदोहोरी गायक तथा सर्जक रतन बानियाँको ५८ वर्षको उमेरमा यही मिति २०७७ माघ ७ गते बुधबार काठमाडौंको ओम अस्पतालमा निधन भयो । केही वर्ष यता मिर्गौला फेल भएपछि डायलासिस गराउँदै आउनु भएका बानियाँ सुगर, प्रेसरको समेत बिरामी हुनुहुन्थ्यो । स्याङ्जा जिल्लाको फेदीखोलाका स्थायी बासिन्दा बानियाँ तीन दशकभन्दा लामो समयदेखि लोकदोहोरी क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । 'लडाईंको लाहुरे' उहाँको चर्चित एल्बम हो भने 'जिन्दगी के छ र', 'मनको वेदना', 'पोखरा फेवाताल' उहाँका अन्य चर्चित लोकगीत हुन् । रोइला, सालैजो तथा भजनसङ्ग्रह समेत ल्याएका बानियाँ झरना सङ्गीत रेकर्डिङ स्टुडियोका सञ्चालक समेत हुनुहुन्थ्यो ।

## नृत्यगुरु सौभाग्यवती रञ्जितको निधन



वरिष्ठ नृत्यगुरु सौभाग्यवती रञ्जितको यही मिति २०७७ साल असार २८ गते निधन भयो । उहाँ पद्मकन्या क्याम्पसमा नृत्यविधामा अध्यापनरत हुनुहुन्थ्यो । नृत्य निर्देशक समूह नेपालका अध्यक्ष भुवनदास श्रेष्ठका अनुसार उहाँ नृत्यक्षेत्रको एक अग्रज श्रष्टा हुनुहुन्थ्यो ।

## नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी



**नारायणभक्त श्रेष्ठ (रायन)**
कुलपति



**हरिहर शर्मा**
उपकुलपति



**श्यामप्रकाश तमोट**
सदस्यसचिव



**अशोककुमार राई**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**धीरेन्द्र भा (धीरेन्द्र प्रेमर्षि)**
प्राज्ञपरिषद् सदस्य
संयोजक, शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग



**नमुना शर्मा देवकोटा**
प्राज्ञपरिषद् सदस्य
संयोजक, नृत्य विभाग



**निशा शर्मा पोखरेल**
प्राज्ञपरिषद् सदस्य
संयोजक, रङ्गमञ्च विभाग



**मेघराज शर्मा (मञ्जुल)**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**हरिदेवी कोइराला**
प्राज्ञपरिषद् सदस्य
संयोजक, लोक सङ्गीत विभाग


२०७८
# प्राज्ञिक संसार
सङ्गीत-नाट्य बुलेटिन
Academia
Music-Drama Bulletin
www.namuda.org.np



प्रकाशक
**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान**
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स: ११७३०
फोन: ९७७-१-४४२८४०४/५
फ्याक्स: ४४२८४०७
Email: info@namuda.org.np
Website : www.namuda.org.np



**संरक्षक**
नारायणभक्त श्रेष्ठ (रायन)
हरिहर शर्मा
श्यामप्रकाश तमोट

**सम्पादक मण्डल**
अशोककुमार राई
धीरेन्द्र भा (धीरेन्द्र प्रेमर्षि)
निशा शर्मा पोखरेल
मेघराज शर्मा (मञ्जुल)
हरिदेवी कोइराला

**प्रधान सम्पादक**
नमुना शर्मा देवकोटा

**सम्पादन सहयोगी**
सनमान चेम्जोङ

**तस्बिर**
रत्नहजुर सैन

**साजसज्जा**
नबिन खत्री
स्काई प्रेस प्रा.लि.